# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८२ | काठमाडौं | मंगलबार, २७ माघ २०८२ | Prabhab National Daily | Tuesday, 10 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


जाँचबुझ आयोगको म्याद थपेको थप्यै

## जेन-जी विद्रोह घटनाको प्रतिवेदन अब निर्वाचनपछि

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'हामी झापाली' ट्रेण्ड चलाएर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापाको गौरीगञ्जबाट भन्दै थिए- मैले प्रधानमन्त्री छाडेपछि ५४ जना मरेका छन् । भदौ २४ गते जेन-जी विद्रोहको घटना सुनाउँदै ओलीले यसो भनेकै बेला काठमाडौंमा मन्त्रिपरिषद्ले यही घटनाको दोषी पत्ता लगाउन भन्दै गठन भएको उच्चस्तरीय जाँचबुझ आयोगको म्याद पुनः २५ दिन थप गरेको छ ।

सरकारका प्रवक्तासमेत रहेका गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबारको मन्त्रिपरिषद् बैठकले गौरीबहादुर कार्की नेतृत्वको आयोगको म्याद २५ दिन थप्ने निर्णय गरेको सुनाए ।

'मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णयानुसार भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानविन गरी प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको समय अवधि २५ दिन थप गर्ने निर्णय गरियो,' गृहमन्त्री अर्यालले भने ।

बिहीबार एमाले अध्यक्ष ओलीले कार्की आयोगको प्रतिवेदनबारे जानकारी दिन प्रधानमन्त्री सुशीला कार्कीसँग भेटेका थिए । ओलीले उक्त भेटमा निर्वाचनअघि आयोगको प्रतिवेदन आउँदा आफूलाई अप्ठेरो पर्ने भन्दै म्याद थप्न भनेका थिए । यता मन्त्रिपरिषद्को निर्णय आउँदै गर्दा झापाको गौरीगञ्जमा ओलीले आफूले बन्दुक बोकेर कसैलाई नमारेको दाबी गर्दै थिए । 'देशमा आगजनी गर्ने वातावरण बनाउनका लागि लगेर तोडफोड गर्ने संसद् भवन जलाउने सिंहदरबार जलाउने कोसिस गरेर प्रहरीमाथि आक्रमण गर्ने गराउने गरेर गोली चलाउने वातावरण बनाएर यसरी परिस्थिति बिगार्ने काम तिनै अपराधीहरूले गरे,' ओलीले तर्क गरे ।



तोकिएकै समयमा काम सक्ने कोसिस गरे पनि केही काम अझै बाँकी नै छन् । त्यसैले म्याद थप भएको हो ।

■ विज्ञानराज शर्मा
प्रवक्ता, जाँचबुझ आयोग



यो सरकार भएकै बेला प्रतिवेदन आउनुपर्छ भनेर हामीले भनेका छौं । दायाँबायाँ गर्न मिल्दैन । तर निर्वाचन नजिकिएकोले वातावरण बनाउन प्रधानमन्त्रीकै प्रयासमा म्याद थपिएको हुन सक्छ ।

■ प्रदीप ज्ञवाली
सदस्य, जेन-जी फ्रन्ट

भदौ २३ गते जेन-जी विद्रोहको क्रममा नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि भएको प्रदर्शनमा प्रहरीको गोलीबाट १९ जना युवाको मृत्यु भएको थियो । उक्त घटनाका बेला ओली प्रधानमन्त्री थिए । त्यसदिन विभिन्न ठाउँ गरी २२ जनाको मृत्यु भएको ओली आफैंले स्वीकारेका छन् । यद्यपि, ओलीले आफैंले बन्दुक बोकेर नहिँडेको तर्कसमेत पेस गरेका छन् । 'हामी सबैलाई थाहा होला प्रधानमन्त्री आफैंले बन्दुक बोकेर हिँड्दैन । प्रधानमन्त्रीले गोली चलाउने आदेश दिने नदिने केही गर्दैन । मैले बच्चाबच्चीलाई मार्ने आदेश दिएको छैन,' ओलीले भने ।

### म्याद किन थपियो अझै ?

भदौ २३ र २४ गतेको नरसंहारसँगै प्रधानमन्त्रीबाट ओलीले राजीनामा दिएपछि सरकारले असोज ५ गते पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा तीन सदस्यीय शक्तिशाली आयोग गठन गरेको थियो । उक्त आयोगलाई सुरुमा तीन महिनाको म्याद दिइएको थियो । पुस ३ गते सरकारले आयोगको म्याद एक महिना थप्यो । त्यसैगरी माघ ८ गते २० दिन थप्यो । यो म्याद भोलि बुधबार सकिँदै थियो । आयोगले केही काम बाँकी नै रहेको जनाएपछि सरकारले तेस्रोचोटि सोमबार २५ दिन म्याद थपेको हो ।

यो भनेको अब आयोगको प्रतिवेदन ल्याउने समय फागुन २३ गतेसम्म थपिएको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए । प्रतिवेदनको तयारी भइनसकेको हुँदा सरकारलाई समय थप मागेको शर्माको भनाइ छ । 'तोकिएकै समयमा काम सक्ने कोसिस गरे पनि केही काम अझै बाँकी नै छन् । त्यसैले म्याद थप भएको हो,' आयोगका प्रवक्ता शर्माले भने ।

शर्माले यसो भने पनि प्रतिवेदन लेखनमा ढिलाइ गर्नुको मुख्य कारण प्रधानमन्त्री कार्कीले एमाले अध्यक्षसँग सम्झौता गरेको हुन सक्ने बताइन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## डिजिटल पहुँचदेखि स्वास्थ्य बिमासम्म महिला पछि

### मोबाइल प्रयोग, सूर्ती सेवन, स्वास्थ्य बिमामा पुरुष नै अगाडि

- १५-४९ वर्ष उमेर समूहका ९०.४५ पुरुषसँग मोबाइल फोन, महिलातर्फ ८१.६५ प्रतिशतसँग मात्रै मोबाइल
- मोबाइल पहुँचमा महिला-पुरुषबीच करिब ९-१० प्रतिशतको अन्तर
- बागमतीमा सबैभन्दा बढी ९७.१५ र सुदूरपश्चिममा सबैभन्दा कम (९२.६५) टेलिफोन पहुँच
- सुर्तीजन्य पदार्थ सेवन गर्ने १५-४९ वर्ष उमेर समूहका पुरुष ४१.८५, महिला ५.१५ प्रतिशत
- ९५.५५ घरपरिवारमा टेलिफोन सेवाको पहुँच
- १५ वर्षअगावै चुरोट र बिंडी सेवन गर्ने पुरुष ७.६५ र महिला २.१५ प्रतिशत



एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर

- स्वास्थ्य बिमा गर्ने पुरुष १९.६५ र महिला १७.८५ प्रतिशत
- ०-१७ वर्षका बालबालिकाका आमाबुवामध्ये ३३.२५ (एक वा दुवै) वैदेशिक रोजगारीमा ।
- विवाहित महिलामध्ये ३५ प्रतिशतबाट परिवार नियोजनका साधन प्रयोग
- प्रतिएक हजार जीवित जन्ममा एक वर्ष नपुग्दै २७ शिशुको मृत्यु
- नवजात शिशु मृत्युदर सबैभन्दा बढी सुदूरपश्चिम र सबैभन्दा कम बागमतीमा
- कक्षा १-५ उमेरका ४.५५ र कक्षा ६-८ उमेरका ३.६५ बालबालिका विद्यालयबाहिर

■ जेबी योञ्जन

**काठमाडौं–** मुलुकमा मोबाइल फोन, इन्टरनेट र सूचना तथा सञ्चार प्रविधिको पहुँच उल्लेखनीयरूपमा बढे पनि महिला र पुरुषबीच डिजिटल पहुँचको खाडल अझै कायमै रहेको देखिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ ले मोबाइल प्रयोग, इन्टरनेट पहुँच, स्वास्थ्य, शिक्षा र सामाजिक सूचकहरूमा लैंगिक असमानता उजागर गरेको हो ।

सर्वेक्षणअनुसार १५-४९ वर्ष उमेर समूहका ९०.४ प्रतिशत पुरुषसँग मोबाइल फोन रहेको छ भने महिलामा यो अनुपात ८१.६ प्रतिशत मात्र छ । यसले मोबाइल फोन स्वामित्वमा करिब नौ प्रतिशत बिन्दुको लैंगिक अन्तर देखाएको छ । गत तीन महिनामा मोबाइल फोन प्रयोग गर्नेको अनुपात पुरुषमा ७८.७ प्रतिशत र महिलामा ७२.७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

तथ्यांक कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार पहुँचको हिसाबले महिला र पुरुषबीच करिब १० प्रतिशत बिन्दुसम्मको फरक देखिन्छ । उनले डिजिटल शिक्षाको कमी, घरायसी काममा महिलाको बढी संलग्नता र सामाजिक तथा आर्थिक संरचनाका कारण महिलाको पहुँच कम देखिएको हो । उनले प्रभावसँग भने, 'हाम्रो नेपाली समाजमा पुरुषहरू महिलाको तुलनामा घरबाहिर हुन्छन् र बाहिर हुनेले सम्पर्कका लागि चाहिने हुँदा बोक्छन् । यसलाई पनि हामीले पुरुषको पहुँज फोनमा बढी हुनुको कारण मानेका छौं ।'

प्रतिवेदनअनुसार देशभर ९५.५ प्रतिशत घरपरिवारमा टेलिफोन सेवाको पहुँच रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगअन्तर्गत ८२ प्रतिशत घरपरिवारले इन्टरनेट सुविधासहितको उपकरण प्रयोग गरिरहेका छन् । प्रदेशगतरूपमा बागमती प्रदेशमा सबैभन्दा बढी ९७.१ प्रतिशत घरपरिवारमा टेलिफोन पहुँच रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यो अनुपात सबैभन्दा कम ९२.६ प्रतिशत रहेको छ ।

### सुर्ती सेवनमा पुरुष अगाडि

सुर्तीजन्य पदार्थ सेवनमा महिलाको तुलनामा पुरुषहरू अगाडि देखिएका छन् । देशभरि १५-४९ वर्ष उमेर समूहका ४१.८ प्रतिशत पुरुषले सुर्तीजन्य पदार्थ सेवन गर्दा महिला ५.१ प्रतिशतमात्रै रहेको पाइएको छ । प्रतिवेदनअनुसार ७.६ प्रतिशत पुरुष र २.१ प्रतिशत महिलाले १५ वर्षअगावै एक खिल्ली चुरोट र बिंडी पूरै सेवन गरेको पाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## इपिएस समस्या समाधानका लागि कोरिया जाने तयारीमा सरकारी टोली

### श्रम सम्झौता नवीकरणको एजेण्डामा पनि छलफल गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपिएस)मा देखिएको समस्या समाधानका लागि नेपाली टोली कोरिया जाने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार यही फागुन १४ र १५ गतेका लागि कोरियाले निम्तो दिएको हो ।

इपिएस भाषा परीक्षा उत्तीर्ण भएर पनि कोरिया जान नपाएका युवाहरू निरन्तर आन्दोलनमा उत्रिएपछि मन्त्रालयले समस्या समाधानका लागि कोरियालाई पत्राचार गरेको थियो । जसको जवाफ कोरियाले करिब एक हप्ता अगाडि पठाएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए ।

सोही जवाफमा कोरियाले प्रस्ताव गरेकै मितिमा सरकारी टोली जाने गरी तयारी भइरहेको उनले बताए । त्यहाँ गएर आन्दोलनरत पक्षले माग गरेका कुन-कुन विषयवस्तु राख्नु सान्दर्भिक हुन्छ भनेर मन्त्रालयले अध्ययन गरिरहेको उनको भनाइ छ ।

'कोरियाले छलफलका लागि २६ र २७ फेब्रुअरीको मिति प्रस्ताव गरेको छ । हामीले हुन्छ भनेका छौं । बैठकमा के-के राख्ने भन्ने विषय तय हुँदै छ,' प्रवक्ता घिमिरेले भने, 'आन्दोलनरत पक्षले राखेका विषयलाई कूटनीतिकरूपमा राख्न कत्तिको सान्दर्भिक हुन्छ भनेर हेर्दै छौं ।'



कोरियाले छलफलका लागि २६ र २७ फेब्रुअरीको मिति प्रस्ताव गरेको छ । हामीले हुन्छ भनेका छौं । बैठकमा के-के राख्ने भन्ने विषय तय हुँदै छ ।

■ पिताम्बर घिमिरे
प्रवक्ता, श्रम मन्त्रालय

त्यस्तै, कोरियासँग सन् २०१८ मा भएको श्रम सम्झौता नवीकरण २०२० मा सकिएको थियो । यो भ्रमणका क्रममा श्रम सम्झौता नवीकरणको विषयमा पनि छलफल गर्ने मन्त्रालयको तयारी छ । सचिवस्तरीय टोलीमा को-को जाने भन्ने निश्चित भइनसकेको घिमिरेको भनाइ छ । 'यो भ्रमणमा श्रम सम्झौता नवीकरणको विषयमा पनि छलफल हुन्छ । त्यहाँ श्रमसचिवसँग वार्ता हुन्छ,' प्रवक्ता घिमिरेले भने, 'सचिवज्यूको नेतृत्वमा जाने हो, को-को जाने भन्ने टुंगो छैन । यसबारे मन्त्रिपरिषद्मा जानकारी गराउन पनि बाँकी छ ।'

गत पुस १६ गतेबाट ग्वार्कोस्थित इपिएस कोरिया शाखामा लगातार आन्दोलन भएपछि पुस १८ गते मन्त्रालयले आन्दोलित युवाहरूलाई वार्तामा बोलाएको थियो । सो वार्तापछि मन्त्रालयको टोली कोरिया गएर उक्त समस्याहरू राख्ने भन्दै पत्राचार गरेको थियो ।

आन्दोलित युवाहरूसँगको बैठकमा मन्त्रालयले कोरिया सरकारसँग रोस्टर अवधि थप गर्न पहल गर्ने,...

⏭ क्रमशः पृष्ठ २ मा

### भाषा परीक्षणमा कडाइ गरिने

दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिइस)अन्तर्गत जाने आप्रवासी कामदारका लागि कोरियन भाषा परीक्षणमा कडाइ गर्ने भएको छ । कोरियाको रोजगार तथा श्रम मन्त्रालयअन्तर्गतको मानव संसाधन विकास सेवाले सोमबार उक्त घोषणा गरेको हो ।

'द कोरिया टाइम्स'का अनुसार ई-९ भिसामा कामदारको अंकमा आधारित छनोट प्रक्रियामा लिइने अन्तर्वार्ता र सीप परीक्षण परिमार्जन हुने भएको छ । भाषासम्बन्धी समस्याका कारण कार्यस्थल दुर्घटनामा हुने वृद्धिलाई मध्यनजर गर्दै बोल्ने क्षमतामा बढी जोड दिइने भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

कारागार सुरक्षा प्रणालीमाथि गम्भीर प्रश्न

## जेलभित्रै पेस्तोल र गोली

- सिराहा कारागारका नाइके इन्द्रजित यादवको कोठाबाट पेस्तोल र गोली बरामद
- चुरोट, सुर्तीजस्ता प्रतिबन्धित वस्तु फेला
- इन्द्रजितसहित १३ जना पक्राउ, समर्थकले लगाए सिरकमा आगो
- कारागारमा सेना, प्रहरी र सशस्त्र परिचालन

■ प्रभाव संवाददाता

**काठमाडौं–** राज्यको कडा निगरानीमा रहने संवेदनशील निकायमध्ये कारागार पनि एक हो । आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई राखिने भएकाले कारागारको सुरक्षा व्यवस्था अत्यन्तै मजबुत हुनुपर्ने मानिन्छ । तर, सोमबार सिरहा कारागारभित्रबाट नाइके इन्द्रजित यादवसहित १३ जना कटुवा पेस्तोल र गोलीसहित पक्राउ परेपछि कारागारको सुरक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठेको छ ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लका अनुसार कारागारभित्र हतियार पुग्नु आफैंमा सुरक्षा चुक हो । उनी भन्छन्, 'कारागारमा लाने खानेकुराको त कम्तीमा परीक्षण गरिन्छ । हरेक चिज त्यसै प्रवेश गराइँदैन । त्यसमाथि हतियार प्रवेश हुनु सामान्य विषय होइन ।'

जिल्ला सुरक्षा समितिले खानतलासीको क्रममा एक थान कटुवा पेस्तोल, दुई राउण्ड गोली र एक लाख २० हजार रूपैयाँ नगद बरामद गरेको थियो । प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार चुरोट, सुर्तीलगायतका प्रतिबन्धित सामग्रीसमेत जफत गरिएको छ ।

उनले प्रभावसँग भने, 'कारागारभित्र मदिरा तथा लागुऔषध कारोबार, मोबाइल फोनको अवैध प्रयोग र चन्दाका नाममा जबर्जस्ती असुली भइरहेको विशेष सूचनाका आधारमा अपरेसन सञ्चालन गरेका थियौं । त्यस क्रममा नाइके यादवको कोठाबाट बन्दुक, गोली र नगद रकम फेला परेको हो ।'



कारागारभित्र मदिरा तथा लागुऔषध कारोबार, मोबाइल फोनको अवैध प्रयोग र चन्दाका नाममा जबर्जस्ती असुली भइरहेको विशेष सूचनाका आधारमा अपरेसन सञ्चालन गरेका थियौं । त्यस क्रममा नाइके यादवको कोठाबाट बन्दुक, गोली र नगद फेला परेको हो ।

■ सुरेन्द्र पौडेल
प्रमुख जिल्ला अधिकारी, सिरहा

हतियार बरामद भएपछि नाइके यादवसहित १३ जनालाई कारागारबाट निकालेर जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा राखिएको छ । उनीहरूलाई भाग्ने योजना बनाएको आरोपसमेत लगाइएको छ । नियन्त्रणका क्रममा उनीहरूलाई हात बाँधेर र आँखामा पट्टी बाँधी कारागारको भित्री गेटबाट बाहिर निकालिएको थियो ।

नाइके पक्राउ परेपछि कारागारभित्र रहेका उनका समर्थक कैदीबन्दीले नाराबाजी गर्दै तोडफोड र आगजनी गरेका छन् । 'नाइके इन्द्रजितलाई फिर्ता गर', 'इन्द्रजित दाइ चाहियो'जस्ता नारा लगाउँदै उनीहरूले जेलभित्रको सिरक र कपडामा आगो लगाएका थिए । केही कैदी छतमाथि चढेर विरोध प्रदर्शनमा उत्रिएपछि कारागारको अवस्था सोमबार तनावग्रस्त बन्यो ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### डिजिटल...

यसरी सुर्तीजन्य वस्तु महिलाभन्दा बढी पुरुषले सेवन गर्नुमा तनाव मुख्य कारण भएको बताएको लामिछानेले बताए ।

**स्वास्थ्य बिमामा पनि महिला पछि**

स्वास्थ्य बिमा गराउनेमा पनि महिलाभन्दा पुरुषको संख्या धेरै रहेको देखिएको छ । प्रतिवेदनअनुसार १५-४९ वर्ष उमेर समूहका १७.८ प्रतिशत महिला र १९.६ प्रतिशत पुरुषले स्वास्थ्य बिमा गरेको पाइएको छ । पाँचदेखि १७ वर्ष उमेर समूहका १५ प्रतिशत बालबालिकाको र पाँच वर्षमुनिका ११.७ प्रतिशतको स्वास्थ्य बिमा गराएको पाइएको छ । यसले स्वास्थ्य सेवामा पहुँच र सचेतनामा पनि लैंगिक अन्तर रहेको देखिन्छ ।

**एकतिहाइ बुबाआमा वैदेशिक रोजगारीमा**

वैदेशिक रोजगारीमा १७ वर्षसम्मका केटाकेटीका आमाबुवामध्ये एकतिहाइ गएको देखिएको छ । '०-१७ वर्ष उमेर समूहका बालबालिकाको जन्म दिने आमाबुवा (एक वा दुवै) विदेशमा बसोबास गर्ने ३३.२ प्रतिशत रहेको देखिएको छ,' प्रतिवेदनमा उल्लेख छ ।

प्रदेशगत आधारमा गण्डकी प्रदेशमा सबैभन्दा धेरै ४०.८ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम २१.० प्रतिशत देखिएको छ । उक्त उमेर समूहका बालबालिकामध्ये ३.४ प्रतिशतका जन्म दिने आमाबुवा (एक वा दुवै) को मृत्यु भइसकेको पाइएको छ । प्रदेशगत आधारमा यो अनुपात सबैभन्दा बढी ५.३ प्रतिशत सुदूरपश्चिम प्रदेश र सबैभन्दा कम २.१ प्रतिशत मधेस प्रदेशमा देखिएको छ ।

**परिवार नियोजनको साधन प्रयोग गर्ने महिला एकतिहाइ**

तथ्यांकअनुसार विवाहित महिलामध्ये प्रत्येक तीन जनामा एक जनाले परिवार नियोजनका साधन प्रयोग गरेका पाइएको छ । १५-४९ वर्ष उमेर समूहका हालै विवाहित महिलामध्ये प्रत्येक तीन जना (३५ प्रतिशत)ले परिवार नियोजनका उपाय तथा साधनको प्रयोग गरेको देखिन्छ । सोही उमेर समूहका दुई जनामध्ये एक महिला ५५.२ प्रतिशत आधुनिक परिवार नियोजनका साधन र सेवाको आफ्नो मागअनुसार प्रयोगमा सन्तुष्ट रहेको प्रतिवेदनमा छ ।

**एक वर्ष नपुग्दै २७ जनाको मृत्यु**

सर्वेक्षणअनुसार प्रतिएक हजार जीवित जन्मेका शिशुमध्ये एक वर्ष उमेर नपुग्दै २७ जनाको मृत्यु भएको पाइएको छ । तीमध्ये १७ शिशुको एक महिना नपुग्दै मृत्यु हुने गरेको देखिएको छ । पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्मेका बालबालिकामा ३१ जना रहेको छ ।

प्रदेशअनुसार नवजात शिशु मृत्युदर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा २६ प्रतिहजार छ भने सबैभन्दा कम बागमती प्रदेशमा १० प्रतिहजार रहेको छ । प्रतिएक हजार जन्ममा सबैभन्दा बढी शिशु मृत्युदर ३८ जना सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम बागमती प्रदेशमा १७ जना रहेको देखिन्छ । पाँच वर्षमुनिका बालबालिका मृत्युदर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ४८ प्रतिहजार रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा २० प्रतिहजार रहेको देखिन्छ ।

**विद्यालयबाहिर धेरै**

आधारभूत विद्यालय कक्षा (१-५) मा पढ्ने उमेरका ४.५ प्रतिशत बालबालिका र कक्षा ६-८ मा पढ्ने उमेरका ३.६ प्रतिशत विद्यालयबाहिर रहेको देखिएको छ ।

सबैभन्दा धेरै माध्यमिक विद्यालय (९-१२) मा पढ्ने उमेरका १३.२ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेको पाइएको छ । प्रतिवेदनअनुसार आधारभूत विद्यालय कक्षा १-५) को कक्षा १ मा प्रवेश गर्ने उमेरका बालबालिकाचाहिँ ४१.२ प्रतिशत रहेको देखिएको छ ।

■■■

### जेन-जी...

फागुन २१ गते तोकिएको प्रतिनिधिसभाको निर्वाचन जसरी पनि सम्पन्न गराउने प्रधानमन्त्री कार्कीको लक्ष्य देखिन्छ । यता ओलीले भने आफूलाई दोषी करार गर्ने गरी प्रतिवेदन आए निर्वाचन भाँड्ने अभिव्यक्ति दिँदै आएका छन् । ओली झापा-५ बाट प्रत्यासी बनेका छन् । उनका प्रतिस्पर्धीमा राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौंका निवर्तमान मेयर बालेन्द्र शाहलाई उभ्याएको छ । यही चुनावी रस्साकस्सीका कारण पनि सुरक्षा चुनौतीलाई ध्यानमा राखेर प्रधानमन्त्रीले ओलीसँग सम्झौता गरेको हुन सक्ने प्रधानमन्त्री कार्की निकट स्रोतले दाबी गर्‍यो । 'अहिले प्रधानमन्त्रीज्यूको एउटै चाहना भनेको जसरी पनि चुनाव गराउनुपर्छ भन्ने छ । त्यसका लागि केही कम्प्रमाइज गर्नु परेको हुनसक्छ,' स्रोतले भन्यो ।

निर्वाचनको वातावरण बन्दै गएकोले प्रधानमन्त्री कार्की संयम बनेको हुनसक्ने जेन-जी फ्रन्टका सदस्य प्रदीप ज्ञवालीले बताए । 'यो सरकार भएकै बेला प्रतिवेदन आउनुपर्छ भनेर हामीले भनेका छौं । दायाँबायाँ गर्न मिल्दैन । तर निर्वाचन नजिकिएकोले वातावरण बनाउन प्रधानमन्त्रीकै प्रयासमा म्याद थपिएको हुन सक्छ,' ज्ञवालीले भने । अहिले जेन-जी विद्रोहका पक्षधर र विपक्षी निर्वाचनमा भाग लिन तयार भएकोले सरकार संयम भएर लागेको उनको भनाइ छ । यद्यपि, यसबारे सामूहिक धारणा सार्वजनिक गर्न आज मंगलबार जेन-जी फ्रन्टको बैठक राखिने ज्ञवालीले बताए ।

■■■

### कोरिया जाने...

कोटा वृद्धिका लागि आवश्यक कूटनीतिक पहल गर्ने र रोस्टरमा भएकाहरूको विवरण पारदर्शीरूपमा रोजगारदाताकोमा पठाउनेलगायतका विषयमा पहल गर्ने निर्णय गरेको थियो । मन्त्रालयसँग भएको वार्ता निष्कर्षविहीन नहोस् भन्दै पछिल्लोपटक गत माघ ६ गतेबाट पीडित युवाहरूले भैँसेपाटीस्थित एचआरडी कार्यालयमा शान्तिपूर्ण दबाब दिँदै आएका थिए । आफ्ना कर्मचारी भएको कार्यालयमा निरन्तर आन्दोलन भएपछि कोरियाले उक्त विषयलाई सुरक्षा चुनौतीको रूपमा लिएको थियो ।

सन् २०२४ मा जान भनेर आवेदन दिएका एक लाख ८१ हजार २९९ जना युवामध्ये १८ हजार २८२ जना परीक्षामा उत्तीर्ण भएको श्रम मन्त्रालयको तथ्यांक छ । जसमध्ये आठ हजार ९१२ जनाको रोस्टर अवधि यही २०२६ भित्र सकिँदै छ । कम्पनीमा एक पटक पनि फाइल नपुगी रोस्टर अवधि सकिएको भन्दै कोरिया जाने सपना देखेका युवाहरू आक्रोशित छन् ।

■■■

### भाषा परीक्षणमा...

ई-९ भिसामा गएका कामदारको कोरियन भाषाको क्षमतासँग सम्बन्धित सर्वेक्षणपछि यो निर्णय गरिएको समाचारमा भनिएको छ । सर्वेक्षणमा करिब आधा रोजगारदाता आफ्नो कामदारको कोरियन भाषा क्षमतामा सन्तुष्ट नभएको पाइएको थियो । ४८.९ प्रतिशत रोजगारदाताले कामदारले कामसम्बन्धी निर्देशन नबुझेको र ३६.७ प्रतिशतले सुरक्षा नियम नबुझेको बताएका थिए ।

सन् २०२२ मा घातक कार्यस्थल दुर्घटनामा ९.२ प्रतिशत, २०२३ मा १०.४ प्रतिशत र २०२४ को छ महिनामा ११.८ प्रतिशत विदेशी कामदार परेको अध्ययनले देखाएको छ । बढ्दो दुर्घटनाको तथ्यांकले त्यहाँको राष्ट्रिय मानवअधिकार आयोगलाई सुधारात्मक कदम चाल्न प्रोत्साहित गरेको उल्लेख गरिएको छ । विभिन्न अध्ययनले विदेशी कामदारको मृत्युदर कोरियाली कामदारको तुलनामा करिब दुईदेखि तीन गुणा बढी रहेको देखाएको समाचारमा भनिएको छ ।

■■■

### जेलभित्रै...

स्थितिलाई नियन्त्रणमा लिन कारागारभित्र र बाहिर नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए । प्रशासनका अनुसार नियन्त्रणमा लिइएका कैदीहरू कर्तव्य ज्यान, डाका, अपहरण, ज्यान मार्ने उद्योग तथा लागुऔषधसम्बन्धी गम्भीर आपराधिक मुद्दामा संलग्न रहेका छन् ।

यसबीच प्रशासनले कारागारमा हतियार कसरी, कहिले र कसको माध्यमबाट भित्रियो भन्नेबारे अनुसन्धान थालेको छ । सुरक्षा निकायका अनुसार घटनाले कारागारभित्रको आन्तरिक सुरक्षा, कर्मचारीको भूमिका र प्रवेश-निस्कासन प्रक्रियामाथि पुनः गहिरो समीक्षा आवश्यक रहेको देखाएको छ ।

कारागारमा ४३७ जना कैदीबन्दी छन् । कारागारको क्षमता भने १५० जनाको हो । क्षमताभन्दा तीन गुणाभन्दा बढी कैदी राखिनुले निगरानी कमजोर बनेको र जेलभित्र नाइके प्रणाली मौलाउँदा सिरहा कारागारमा बेलाबखत झडप हुने गरेको छ । यसअघि पटक-पटक झडप हुँदा दर्जनौं घाइते भइसकेका छन् ।

■■■

## काभ्रेमा छैनन् दलित उम्मेदवार

**काभ्रेपलाञ्चोक-** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा यहाँको क्षेत्र नम्बर १ मा राजनीतिक दलका र स्वतन्त्र नयाँ उम्मेदबारबीच रोचक प्रतिस्पर्धा हुने देखिएको छ । यो क्षेत्रमा १५ दल र तीन स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।

यस निर्वाचन क्षेत्रमा विशेषगरी ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने आँकलन गरिएको छ । यस क्षेत्रमा एमालेका अमित लामा, कांग्रेसका गुणराज मोक्तान, रास्वपाबाट मधुकुमार चौलागाईं र नेकपाका दिननाथ गौतमले उम्मेदवारी दिएको जिल्लास्थित मुख्य निर्वाचन कार्यालयले जनाएको छ ।

यस क्षेत्रमा गत प्रतिनिधिसभा निर्वाचन-२०७९ मा तत्कालीन माओवादी केन्द्रका सूर्यमान दोङ एमालेका केन्द्रीय सदस्य रेशम लामालाई तीन हजार ९६४ मतले पछि पार्दै ३४ हजार ४१२ मत प्राप्त गरी विजयी भएका थिए ।

एमालेका उम्मेदवार लामा पार्टीका केन्द्रीय सदस्य हुन् भने कांग्रेसका उम्मेदवार मोक्तान पार्टीको जिल्ला सचिव हुन् । यस्तै रास्वपाका चौलागाइँ कानुन व्यवसायी तथा नेकपाका उम्मेदवार गौतम चौंरीदेउराली गाउँपालिकाको पूर्वअध्यक्ष हुन् । ठूला दलका यी उम्मेदवार पनि प्रतिनिधिसभा निर्वाचनका लागि नयाँ अनुहार हुन् । यस क्षेत्रमा 'अन्य' समूहबाट एकजना प्रतिस्पर्धामा उत्रिएका छन् ।

गत प्रतिनिधिसभा निर्वाचन-२०७९ मा यहाँको क्षेत्र नम्बर १ मा समानुपातिकतर्फ एमाले २४ हजार ७९, कांग्रेस २१ हजार ७५५, तत्कालीन माओवादी केन्द्र १७ हजार ३३५, रास्वपा नौ हजार ७९४, राप्रपा दुई हजार ४२९ र तत्कालीन एकीकृत समाजवादीले एक हजार ९५५ मत प्राप्त गरेका थिए । *रासस*


# Shailung Rural Municipality
## Office of the Rural Municipal Executive
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

## Invitation For Bid

**Date of Publication: 2082/10/27 (10th February 2026)**

Shailung Rural Municipality, Katakuti, Dolakha office invites only electronic bid from registered company, suppliers for the supply and delivery mention in the table below on or before 13th March 2026 (2082/11/29) 12:00 hours. All Eligible bidders may obtain further information at Shailung Rural Municipality, Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N | Name of Project | Contract ID | Bid Security (NRs.) | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|
| 1 | Purchase of machinery and equipment | SRM/NCB/ GOODS/ 07/2082/083 | 30,000.00 | 3000.00 |

**Chief Administrative Officer**



# फाल्गुनन्द गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**फाक्तेप, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२।१०।२७**

यस कार्यालयको मितिः २०८२/०९/१६ गते पहिलो पटक प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMG/MT/ NCB/02/2082/83 | Supplying and delivery of 7HP Mini Tiller works. | Alpha Business Pvt.Ltd. Kathmandu | **27,42,878.00** NPR | |



धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची -१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित
**मनकामना इन्जिनियरिङ्ग हाईड्रोपावर लिमिटेडको आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिको विवरण**

# Manakamana Engineering Hydropower Limited
**Anamnagar-29, Kathmandu, Tel: 01-410260**

## Unaudited Statement of Financial Position For The FY 2082-083 B.S.

| Particulars | Quarter End Poush 2082 | Quarter End Ashoj 2082 | Quarter End Poush 2081 |
|---|---|---|---|
| **Assets<br>Non Current Assets** | | | |
| Property Plant and Equipment | 708,857 | 752,884 | 2,702,330 |
| Intangible Assets | 1,242,282,463 | 1,254,959,675 | 1,289,099,428 |
| **Total Non Current Assets** | **1,242,991,319** | **1,255,712,559** | **1,291,801,758** |
| **Current Assets** | | | |
| Cash and Cash Equivalents | 12,309,403 | 7,195,630 | 9,546,923 |
| Financial Assets | 19,853,235 | 36,200,157 | 16,843,593 |
| Other Assets | 7,304,599 | 10,084,881 | 26,991,556 |
| **Total Current Assets** | **39,467,237** | **53,480,668** | **53,382,072** |
| **Total Assets** | **1,282,458,556** | **1,309,193,227** | **1,345,183,831** |
| **Equity and Liabilities<br>Equity** | | | |
| Share Capital | 800,000,000 | 800,000,000 | 800,000,000 |
| Retained Earnings | (296,549,445) | (298,525,185) | (250,988,663) |
| **Total Equity** | **503,450,555** | **501,474,815** | **549,011,337** |
| **Non Current Liabilities** | | | |
| Financial Liabilities | 732,863,561 | 737,864,025 | 752,866,222 |
| **Total Non Current Liabilities** | **732,863,561** | **737,864,025** | **752,866,222** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | - | 20,000,000 | 19,999,676 |
| Other Liabilities | 46,144,440 | 49,854,387 | 23,306,595 |
| **Total Current Liabilities** | **46,144,440** | **69,854,387** | **43,306,272** |
| **Total Equity and Liabilities** | **1,282,458,556** | **1,309,193,227** | **1,345,183,831** |

**Unaudited Statement of Profit or Loss and Other Comprehensive Income**
**For the Period Ended Poush, 2082 (14th Jan, 2025)**

| Particulars | Quarter End Poush 2082 | Quarter End Ashoj 2082 | Quarter End Poush 2081 |
|---|---|---|---|
| Revenue | 87,325,438 | 52,665,412 | 75,792,518 |
| Cost of Sales | (12,548,130) | (6,985,302) | (13,936,794) |
| **Gross profit** | **74,777,308** | **45,680,110** | **61,855,724** |
| Other Income | 1,588,422.00 | 1,457,377.00 | - |
| Personnel Expenses | (1,985,925) | (1,419,291) | (2,183,614) |
| Administrative expenses | (4,334,542) | (2,516,061) | (867,390) |
| Depreciation & Amortization | (25,442,480) | (12,721,240) | (22,324,947) |
| **Profit/(Loss) before Interest and Tax** | **44,602,782** | **30,480,895** | **36,479,773** |
| Finance Income | | - | - |
| Finance Cost | (25,955,850) | (13,809,703) | (36,189,047) |
| **Profit/(Loss) Before Bonus and Tax** | **18,646,932** | **16,671,192** | **290,725** |
| Provision for Staff Bonus | | | |
| **Profit/(Loss) Before Tax** | | | |
| Income Tax Expenses | | | |
| Current Tax | - | - | - |
| Deferred Tax | - | - | - |
| **Profit for the year** | **18,646,932** | **16,671,192** | **290,725** |
| **Ratio** | | | |
| Earnings per Share | 2.33 | 2.08 | 0.04 |
| Market Value Per Share | 426.00 | 382.90 | 505.00 |
| Price Earning Ratio | 182.76 | 183.74 | 13,896.28 |
| Current Ratio | 0.86 | 0.77 | 1.23 |
| Return on Assets | 1.50% | 1.33% | 0.02% |
| Net Worth Per Share | 62.93 | 62.68 | 68.63 |

**SECOND QUARTER DISCLOSURE AS OF 14th JAN 2025**
**AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION**
**Annexure -14**
**(Related to Sub Regulation 1 of Regulation 26)**

**1) FINANCIAL STATEMENTS**
- The financial statements are prepared as per the Nepal Financial Reporting Standard (NFRS).
- The unaudited financial statements for the Second Quarter and financial ratios have been published as a part of this report.
- Transaction with related parties - Not Applicable (N/A).
- Important Financial Ratios: As attached in the unaudited financial statement.
- Inventories have been kept at optimum level to ensure normal operation of project.
- Company has amortized the intangible assets over the life of the project starting from the commercial operation date and in case of other fixed assets depreciation has been calculated based on written down value as per the provision of Income Tax Act, 2058.
- The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
- The company has received pre-approval for issuance of right share **1 : 0.7714** ratio from Electricity Regulatory Commission (ERC) dated on 2082/08/08 B.S.
- The last quarter report data has been adjusted as per the statutory audit report for FY- 2081/082 B.S.

**2) MANAGEMENT ANALYSIS**
- Ghatte Khola Small Hydro Project has been generating energy since 23 Kartik, 2077 B.S. It is evacuating generated energy as per instruction of NEA load dispatch center.

**3) LEGAL PROCEEDINGS**:
- Case filed by or against the company during the quarter, if any: N/A
- Case filed by or against the company or its promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: N/A
- Case filed against the Promoter or Director on financial crime, if any: N/A

**4) ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY**
- The shares of Manakamana Engineering Hydropower Limited (MEHL) is listed in NEPSE on 2080.06.07 and transacted from 2080.06.08
- The major highlights of share transactions during the quarter are as follows:

| Maximum Price | Minimum Price | Closing Price | Total day of Transactions | No. of Transactions | No. of Share Traded | Turnover of share Transactions |
|---|---|---|---|---|---|---|
| 494.90 | 372.40 | 426.00 | 58 | 9,422.00 | 12,86,846.00 | 57,13,20,151.80 |

**5) PROBLEMS AND CHALLENGES**

**Internal Challenges**
- Management of retention of skilled manpower.

**External Challenges**
- Difficult to get hydropower equipment's spare parts in time.
- Climate change & hydrological Risk.

**Strategies followed by the management**
- Use of internal manpower and taking expert agency advice to minimize the issues.

**6) CORPORATE GOVERNANCE**
- The regular meeting of Board of Directors, Audit committee, Management and operation team is being conducted for strengthening good corporate governance within the company.

**7) DECLARATION**

I, the Chairman/Director of the company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period up to Second Quarter of Financial year 2082-083, hereby declare that the information and details provided in this report are true, based on the facts and complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

# काठमाडौं-४ लाई पर्यटकीय सहर बनाउने उम्मेदवार अधिकारीको उद्घोष


जेबी दीपक अधिकारी


कुलमान घिसिङ

**काठमाडौं (प्रस)**– उज्यालो नेपाल पार्टीबाट काठमाडौं-४ का उम्मेदवार जेबी दीपक अधिकारीले आफू निर्वाचित भए यो क्षेत्रलाई सुन्दर र पर्यटकीय सहर बनाउने उद्घोष गरेका छन् । सोमबार पार्टी अध्यक्ष कुलमान घिसिङको उपस्थितिमा आयोजित पत्रकार भेटघाट कार्यक्रममार्फत उनले आफ्नो एजेण्डा सार्वजनिक गरेका हुन् ।

उम्मेदवार अधिकारीले पार्टीको नीति नै 'गफ होइन काम' भएकोले त्यसमा प्रतिबद्ध रहने बताए । 'विश्वासको राजनीति गर्नेछु, जेन-जीको मुद्दा भ्रष्टाचारमा शून्य सहनशीलता कायम गर्न कडा कदम चालिने छ,' उनले भने, 'धूलो र हिलोको सहर होइन हरियाली सहर, हाम्रो रहर स्थापित गराइने छ ।'

अधिकारीले काठमाडौं-४ अन्तर्गत बग्ने खोलाको समस्या हाइड्रोलोजिकल इञ्जिनियरिङमार्फत समस्या समाधान गरिने, स्मार्ट ट्राफिक र कोरिडोर व्यवस्थापन, सार्वजनिक यातायातमा ६० वर्षमाथिकालाई भाडा निःशुल्क बनाउने, सुरक्षित र स्मार्ट यातायातका लागि जिपिएस ट्र्याकिङ सिस्टम लागू गर्ने, बिजुलीमा ५० युनिटसम्म निःशुल्क गर्न नेपालको पानी जनताको लगानीमा प्रोत्साहन गरिनेलगायत एजेण्डा अघि सारेका छन् ।

पत्रकार भेटघाट कार्यक्रममा सम्बोधन गर्दै पार्टी अध्यक्ष घिसिङले उज्यालो नेपालको सपना पूरा गर्न आगामी निर्वाचनमा आफ्नो पार्टीका उम्मेदवारलाई मत दिन आह्वान गरे । सुशासन, समृद्धि र सामाजिक न्याय स्थापित गर्नका लागि उज्यालो नेपाल पार्टी अगाडि आएको उनले बताए । काठमाडौं क्षेत्र नम्बर ४ बाट आफ्नो पार्टीका उम्मेदवार अधिकारी अन्य उम्मेदवारको तुलनामा योग्य रहेको बताउँदै उनले अधिकारीलाई मत दिएर विजयी गराउन उक्त क्षेत्रका मतदातासँग आग्रह गरे ।


## Infrastructure Development Office

**Simikot, Humla**

### Letter of Intent (LOI)

**Date of Publication: 2082/10/27 (10th Feb, 2026)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per IFB No: 03-2082/083 published on National Daily dated on 2082/08/12, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N | Contract ID | Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1. | IDO/HUMLA/W/ NCB/09/2082-083 | Chaduk Link Road Nirman, Humla | Khagal Gaun Nirman Sewa & Order Suppliers, Simkot-02, Humla | 17,62,837.56 |
| 2. | IDO/HUMLA/W/ NCB/10/2082-083 | Mandi To Nagakhola Road Construction | Barasu Construction Pvt.Ltd, sarkegad rural municipality | 20,80,896.4 |
| 3. | IDO/HUMLA/W/ NCB/11/2082-083 | Tallo Puysha Sadak Estar unattai Kharpunath-01, Humla | Pasang Nirman Sewa, Simikot-6, Humla | 16,81,103.4 |
| 4 | IDO/HUMLA/W/ NCB/12/2082-083 | Kargaee sayaule Road Construction | Adanchuli Construction And Suppliers pvt.ltd. Kathmandu | 20,80,776.05 |

**Office Chief**

## Lekam Rural Municipality
## Office of Rural Municipality

**Ratamata, Darchula**

**Sudurpaschim Province, Nepal**

### Notice Inviting Request for Proposals (RFP) for Consulting Services

**Publication Date: 10-02-2026**

1. The Lekam Rural municipality has allocated funds towards the cost of Community based child and maternal nutrition improvement and promotion program in lekam rural municipality and intends to apply a portion of this fund to eligible payments under this Contract for which this Request for Proposals is issued.
2. The Client now invites proposals to provide the following consulting services (hereinafter called "Services"): CONSULTING01 More details on the Services are provided in the Terms of Reference (Section 7).
3. This Request for Proposals (RFP) has been addressed to the following shortlisted Consultants:
   1. **Social Development & Promotion Centre**
   2. **Global Impacts**
   3. **Community Rural Development Society Nepal(CRDS Nepal)**
   4. **New Planet Engineering Services Pvt. Ltd.**
4. It is not permissible to transfer this invitation to any other firm, such as Consultant's parent companies, subsidiaries and affiliates. The Client will reject a Proposal if the Consultant drops a JV partner without the Client's prior consent, which is given only in exceptional circumstances, such as blacklisting/debarment of the JV partner or occurrence of Force Majeure.
5. A firm will be selected under QCBS and procedures described in this RFP.
6. The RFP includes the following documents:
   Section 1 - Letter of Invitation
   Section 2 - Instructions to Consultants, Data Sheet, Summary and Personnel Evaluation Forms, and Grounds for Disqualification of the Experts
   Section 3 - Technical Proposal - Standard Forms
   Section 4 - Financial Proposal - Standard Forms
   Section 5 - Terms of Reference
   Section 6 - Standard Forms of Contract Lump-Sum
7. Please inform us by E-mail:lekam.rmun@gmail.com
   (a) that you received the letter of invitation; and
   (b) whether you will submit a proposal alone or in association (if permissible under Section 2, Instructions to Consultants (ITC),Data Sheet 13.1.1).
8. Details on the proposal's submission date, time and address are provided in Clauses 17.7 and 17.9 of the ITC.

**Chief Administrative officer,**

## कुवेतमा रोजगार

कम्पनी : **ZAMZAM BEAUTY LADIES SALON** — शहर : **Kuwait**
पूर्व स्वीकृत मितिः २०८२/१०/२६ — चलानी नं.: ६०२५२१६९ — **LT.No.: 338696**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser Beautician | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | MANICURIST/NAIL TECHNICIAN | 0 | 3 | | 150 | ७१,०५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२ माघ २७**

**श्री मेघलाल थापाको** नाति, **श्री भिम सिंह थापाको** छोरा, **वागमती प्रदेश, भक्तपुर** जिल्ला **सूर्यविनायक न.पा** वडा नं. **३** बस्ने **श्री महेश थापाले** यस शाखामा पेन्सन खाता नं. **१९६१५२४०३००१८६** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०९/०१** मा निज खातावाला **श्री महेश थापाको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **श्रीमती** नाता पर्ने **श्रीमती भागरथी भन्ने भागरथी थापा**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री महेश थापाको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**ठमेल शाखा, कार्यालय**
**फोन नम्बर: ०१४५१८५८२**
**फ्याक्सः- ०१४५१८४५३**


## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धि आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

**Eastern Hydro Power Limited Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**IInd Quarter as on 30th Paush, 2082, F/Y 2082/83**

**Figure in NPR**

| Particulars | This Quarter Ending Paush 2082 | Previous Quarter Ending Ashwin 2082 | Corresponding perviuous year Quarter ending Paush 2081 |
|---|---|---|---|
| Assets | | | |
| Non current Assets | | | |
| Property Plant and Equipment | 509,075 | 486,109 | 773,007 |
| Intangible Assets | 988,789,670 | 1,001,043,345 | 1,037,903,008 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **989,298,744** | **1,001,529,454** | **1,038,676,015** |
| Current Assets | | | |
| Financial Assets | | | |
| Trade & Other Receivables | 62,025,818 | 90,481,935 | 59,062,300 |
| Short Term Loans & Advances | 1,872,173 | 37,112 | 61,604 |
| Cash and Cash Equivalent | 51,424,773 | 11,712,065 | 31,547,973 |
| Other Current Assets | 2,328,478 | 7,202 | 953,076 |
| **Total Current Assets** | **117,651,243** | **102,238,315** | **91,624,954** |
| **Total Assets** | **1,106,949,987** | **1,103,767,769** | **1,130,300,969** |
| Equity and Liability | | | |
| Equity | | | |
| Share Capital | 620,000,000 | 620,000,000 | 620,000,000 |
| Reserve and Surplus | (137,239,612) | (150,013,980) | (157,272,881) |
| **Total Equity** | **482,760,388** | **469,986,020** | **462,727,119** |
| Liability | | | |
| Non Current Liabilities | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 578,217,211 | 587,960,327 | 616,354,644 |
| Lease Liabilities | - | - | 114,958 |
| **Total Non Current Liabilities** | **578,217,211** | **587,960,327** | **616,469,602** |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Short Term) | 37,909,434 | 37,003,232 | 32,744,084 |
| Trade and other Payables | 5,048,340 | 3,528,307 | 5,388,491 |
| Retention Liabilities | 1,307,204 | 1,307,204 | 1,307,204 |
| Other Current Liabilities | 1,707,409 | 3,982,678 | 11,664,467 |
| **Total Current Liabilities** | **45,972,387** | **45,821,422** | **51,104,247** |
| **Total Liability** | **624,189,598** | **633,781,749** | **667,573,849** |
| **Total Equity and Liability** | **1,106,949,987** | **1,103,767,769** | **1,130,300,968** |

Unaudited Income Statement
For the period 1st Shrwan 2082 to 30th Paush, 2082

| Particulars | This Quarter Ending Paush 2082 | Previous Quarter Ending Ashwin 2082 | Corresponding perviuous year Quarter ending Paush 2081 |
|---|---|---|---|
| Revenue from operation | 89,918,902 | 48,268,395 | 82,699,822 |
| Cost of Sales | 6,480,931 | 3,506,155 | 7,991,547 |
| **Gross Profit** | **83,437,972** | **44,762,240** | **74,708,275** |
| Other Income | - | - | - |
| Expenses | | | |
| Employee Benefits | 1,097,040 | 603,497 | 1,186,440 |
| Administrative Expenses | 1,337,945 | 621,174 | 3,296,342 |
| IPO Issue Expenses | - | - | - |
| Depreciation and Amortization Expense | 24,521,469 | 12,279,260 | 24,617,780 |
| **Total Expenses** | **26,956,454** | **13,503,931** | **29,100,562** |
| Profit Before Financial Cost, Bonus & | | | |
| Tax | 56,481,518 | 31,258,309 | 45,607,713 |
| Finance Cost | 25,143,948 | 12,955,809 | 26,313,959 |
| Profit Before Bonus & Tax | 31,337,570 | 18,302,500 | 19,293,754 |
| Staff Bonus | 626,751 | 366,050 | - |
| Profit Before Tax (PBT) | 30,710,819 | 17,936,450 | 19,293,754 |
| **Income Tax Expenses** | **-** | **-** | **-** |
| **Profit for the Period** | **30,710,819** | **17,936,450** | **19,293,754** |

**Notes: The figures are regrouped and rearranged where necessary.**
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क. आ.व. २०८२/८३ को दोश्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिति २०८२/१०/२७ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| **प्रति सेयर आम्दानी** | 4.95 | प्रति सेयर कुल सम्पत्तिको मूल्य | 178.54 |
| **प्रति सेयर नेटवर्थ** | 77.86 | मूल्य आम्दानी अनुपात | 84.19 |
| **तरलता अनुपात** | 2.56 | | |

२. **व्यवस्थापकीय विश्लेषण :**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरू हुँदैछन् । यस त्रैमासिक अवधिमा विद्युत बिक्रीबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. **संगठित संस्थाको सेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा संस्थाको सेयर कारोवार निम्नानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्यूनतम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट

| | | | |
|---|---|---|---|
| **अधिकतम मूल्य रू.** | 489 | अन्तिम मूल्य रु. | 417 |
| **न्यूनतम मूल्य रू.** | 385 | कारोवार दिन | 55 |
| **कारोवार संख्या** | 17274 | | |

५. **समस्या तथा चुनौती :**
समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरू बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू लगानीकर्ताहरू स-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ग्यासको कृत्रिम अभाव नियन्त्रण गर

**काठमाडौं उपत्यकामा अहिले खाना पकाउने ग्यासको अभाव चुलिएको छ । चुनावको मुखमा सर्वसाधारण एक सिलिण्डर ग्यासका लागि डिपोडिपोमा भौतारिनुपरेको छ । नेपाल आयल निगमले खाना पकाउने ग्यासको अभाव नरहेको दाबी गर्दै आएको छ । ग्यास उत्पादक कम्पनीहरूको त्यस्तै दाबी छ । तर उपभोक्ता एक सिलिण्डर ग्यासका लागि डिलरका सञ्चालकलाई गुहार्दैमात्र हिँडेका छैनन् भनसुनको दौडमा पनि छन् ।**

**ग्यास डिपोका सञ्चालकहरूले नियमित ग्राहकलाई पहिलो प्राथमिकता दिने नाममा एक सिलिण्डर ग्यासका लागि हप्ता दिनदेखि महिना दिन पर्खाउन थालेका छन् । यसले सर्वसाधारण आत्तिएका छन्, कतै चुनावको मुखमा ग्यासको अभाव हुने त हैन ?**

**राजनीतिक अस्थिरता कायमै छ । कतिबेला के हुने हो टुंगो छैन । लामो समय नाकाबन्दी बेहोरेका सर्वसाधारण कोही ग्यास भण्डारणतिर लागेका छन् । यही मौकामा व्यापारीले सिलिण्डरको मूल्य बढाउनेदेखि नाफा खान एक कम्पनीको ग्यास अर्को कम्पनीसँग साट्ने वातावरण बनाउन उद्दत देखिन्छ । यसो गर्दा एउटा ग्यास सिलिण्डरबाटै दुई हजार रूपैयाँसम्म बढी लिने गरेको पाइएको छ । ग्यास सकेर भान्सा बन्द भएका उपभोक्ता यो मारमा महँगो मूल्यमा ग्यास सिलिण्डर साट्न बाध्य छन् ।**

**नेपाल आयल निगमले खाना पकाउने ग्यासको आयात तथा बिक्रीवितरण नियमित भइरहेको भन्दै अनावश्यक भण्डारण नगर्न आग्रह गरेको छ । आसन्न चुनावलाई मध्यनजर गर्दै ग्यासको बढीभन्दा बढी आयात गर्न फ्रेबुअरी महिनाको निर्धारित कोटामा दुई हजार मेट्रिक टन थप गरिएको निगमका प्रवक्ता मनोजकुमार ठाकुर बताउँछन् । हाल दैनिक औसत ११० बुलेट ग्यास नियमितरूपमा आयात भइरहेको उनको भनाइ छ ।**

**काठमाडौं उपत्यकामा बजारीकरण गर्ने करिब २३ मध्ये केही ग्यास उद्योगले दैनिक करिब ४० हजार सिलिण्डर बजारमा उपलब्ध गराइरहेका निगमले जनाएको छ । निगमको कुरा झट्ट सुन्दा ठीकठाक लागे पनि ग्राउण्डमा त्यस्तो छैन । कुनै बेला चुलोचुलोमा ग्यासको पाइप पुर्‍याइदिने वचन बाँडेका एमाले अध्यक्ष केपी शर्मा ओलीको भनाइबाटै बजारमा ग्यासको अभाव रहेको प्रस्ट हुन्छ ।**

**झापाको गौरीगञ्ज पुगेर सोमबार ओलीले नेपालमा अब घरघरमा ग्यास पुर्‍याउन सकिने दाबी पेस गर्दै आफ्नो चुनावी एजेण्डा बनाएका छन् । स्थिरताका लागि भनेर हुन लागेको निर्वाचनअघि नियमित उपभोग्य वस्तुमै यस्तो कृत्रिम अभाव सिर्जना गर्नु सरकारको जवाफदेहितामाथि प्रश्न हो । यो विषयमा सरकारले सक्दो अनुगमन गरेर अभाव सिर्जना गर्नेहरूलाई कारबाही गर्नुपर्छ । सर्वसाधारण अत्याउने र व्यापार ठप्प पार्ने यस्ता तत्वलाई बेलैमा पाठ पढाउनुपर्छ । तब न नागरिक सरकार ।**

# संस्कृति र राजनीतिको अन्तरसम्बन्ध



❑ प्रा. जगमान गुरुङ

> "निर्वाचनका दौरानमा अधिकांश उम्मेदवार जनताका घरदैलोसँगै आ-आफ्ना धार्मिक विश्वास र आस्थाबाट प्रेरित भई विजयको अपेक्षा राख्दै मठमन्दिर, गुम्बा, चैत्यजस्ता धार्मिकस्थलमा गई पूजाअर्चना गर्ने, फूलमाला लगाउने, पुजारीबाट आशीर्वाद लिने गरेका सञ्चार माध्यममा देखिन्छन् । बाहिर आफूलाई नास्तिक वा भौतिकवादी देखाउन खोजे पनि अन्ततः धर्मकर्मबाट विमुख कोही हुन सक्दैन । त्यसैले धर्म मानिसको जीवनपद्धति हो । यसबाट व्यक्तिले जतिसुकै आफूलाई टाढा राख्न खोजे पनि टाढा हुन सक्दैन । जीवनपद्धतिलाई राजनीतिले असर गर्न सक्छ तर संस्कृति पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको हुन्छ । राजनीतिले संस्कृतिलाई होइन, संस्कृतिले राजनीतिलाई डोऱ्याउन सक्नुपर्छ ।

संस्कृति र राजनीति समाजका दुई आधारभूत स्तम्भ हुन् । संस्कृतिविना समाजको पहिचान अधुरो हुन्छ भने राजनीतिविना समाजको व्यवस्थापन सम्भव हुँदैन । यी दुवैबीच गहिरो सम्बन्ध रहेको हुन्छ । संस्कृति समाजको सोच, व्यवहार, मूल्यमान्यता र जीवनशैलीको प्रतिविम्ब हो भने राजनीति ती मूल्यमान्यतालाई सत्ता, नीति र शासन प्रणालीमार्फत कार्यान्वयन गर्ने माध्यम हो । त्यसैले संस्कृति र राजनीतिबीचको अन्तरसम्बन्धलाई बुझ्नु समाजको समग्र विकास बुझ्नुजस्तै हो । राजनीति र संस्कृति अलग-अलग क्षेत्र भने पक्कै होइनन् । संस्कृति नै राष्ट्रको आत्मा हो र राजनीति त्यस आत्माले निर्देशित हुनुपर्छ । भाषा, धर्म, परम्परा, चाडपर्व, कला, साहित्य, रहनसहन, विश्वास प्रणाली र सामाजिक मूल्य मिलेर संस्कृति निर्माण हुन्छ ।

संस्कृति राष्ट्रको पहिचान हो भने राजनीतिले त्यो पहिचानको संरक्षण, सम्मान र प्रवर्द्धन गरेको हुनुपर्छ । राजनीति र सांस्कृतिक मूल्यबीचको सन्तुलनले मात्र समाजलाई सुदृढ र देशलाई गतिशील बनाउँछ । संस्कृति प्रत्येक व्यक्ति वा राष्ट्रको आफ्नो पहिचान हो, पहिचानविहीन हुन न व्यक्ति सक्दछ, न राष्ट्र नै । हरेक व्यक्तिको राजनीति धर्म र संस्कृतिबाट सुरक्षित र सुगठित हुन्छ । नेपाली राजनीतिक प्रक्रियाले सांस्कृतिक मूल्य र सामाजिक एकतालाई कमजोर बनाएको खण्डमा राष्ट्र कमजोर हुने सम्भावना रहन्छ । नेपाली संस्कृतिमात्र परम्परा वा रीतिरिवाज नभइ समाजको पहिचान, एकता र सामाजिक सद्भावको आधार पनि हो ।

हाम्रा पुराना संस्कार, आदर्श र सांस्कृतिक अभ्यासलाई स्मरण गराएर नेपाली समाजलाई अझ समृद्ध र दिगो बनाउन सकिन्छ । राजनीतिक नेतृत्वले संस्कृतिकै आधारमा निर्णय गरेमा देशमा सकारात्मक परिवर्तन आउन सक्दछ । विशेषगरी पुराना मान्यता, भाषा र मूल्यमा आधारित व्यवहारलाई आधुनिक जीवनशैलीमा हस्तान्तरण गर्नु आजको आवश्यकता हो ।

नेपाल बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक देश हो र यो नै नेपालको विशिष्ट मौलिक पक्ष हो । सबै जात, धर्म, वेषभूषा भएका मानिसबीचको एकता, सम्मान र विश्वास नै नेपालको धरोहर हो । यो वास्तविकतालाई हरेक राजनीतिक पार्टी र तिनका नेता, कार्यकर्ताले पनि राम्ररी बुझेका छन् । कहिलेकाहीँ अर्काको इशारा र स्वार्थमा परेर विवादास्पद अभिव्यक्ति दिने, जातीय, धार्मिक विद्वेष फैलाउने दुस्कार्य हुन खोजे पनि त्यसलाई आमजनताले तिरस्कार गरी आपसी प्रेम, विश्वास र सद्भावलाई खल्बलिन दिँदैनन् ।

राजनीतिक व्यवस्थाले यी सबैलाई समेटेर राखेकै कारण नेपालमा कुनै पनि खालको जातीय, भाषिक वा धार्मिक द्वन्द्व वा विद्रोह हुन पाएको छैन । समन्वयात्मक संस्कृतिले राजनीतिक व्यवस्थालाई पनि समेटेर राखेको छ । नेपाल आध्यात्मिक केन्द्रको रूपमा विश्वमा परिचित छ । पछिल्लो समय नेपाली समाज विकृतिले भरिन थालेको छ । हरेक जातजातिअनुसार मिलेर बसेको नेपाली समाजलाई पछिल्लो समय भने केही धर्मको नाममा, जातीयताको नाममा राजनीति गर्नेहरूले बिगार्दै लगेको पाइन्छ । नेपाली समाज विकृतरूपमा अघि बढिरहेकाले समाजलाई सच्याएर अघि बढाउनुपर्ने अवस्था रहेको छ ।

नेपालीहरूले पुरानो संस्कृति र संस्कार बिर्सिसकेकाले यसलाई पुनः उजागर र प्रवर्द्धन गर्न आवश्यक छ । समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको विकास भएको छ । त्यही समन्वयात्मक नेपाली संस्कृतिको धरातलमा नेपाल राष्ट्रको संरचना र नेपाली राष्ट्रियताको विकास भएको हो । नेपालको संविधान २०७२ ले बहुसांस्कृतिकता, विविधता र समावेशीतालाई विशेष जोड दिएको छ । त्यसअनुसार राजनीतिक दलहरूले नेपाललाई बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुकको रूपमा स्वीकार गर्दै आदिवासी जनजाति, दलित, मधेसी, थारू, मुस्लिमलगायत समुदायको सांस्कृतिक अधिकार मातृभाषा, लोकसंस्कृति र परम्परागत ज्ञानको संरक्षण, सांस्कृतिक पहिचानमा आधारित विभेदको अन्त्यजस्ता विषयलाई आफ्ना राजनीतिक दस्तावेजमा पनि उल्लेख गरेका छन् । संस्कृतिलाई केवल परम्परा होइन, अधिकार र पहिचानको राजनीतिक मुद्दा बनाएका छन् ।

### घोषणापत्रमा उपेक्षित सांस्कतिक पक्ष

मुलुक यतिबेला निर्वाचनको संघारमा उभिएको छ । राजनीतिक पार्टीहरू निर्वाचन लक्षित आफ्ना दृष्टिकोण र भावी योजना कार्यक्रमसहितको घोषणापत्र तयारीको अन्तिम चरणमा छन् । तिनका उम्मेदवार जनताका घरदैलोमा आफ्ना पार्टीका घोषणापत्र लिएर मत माग्न जाने तयारीमा छन् । घोषणापत्र कुनै पनि देशको भावी नीति, प्राथमिकता र वैचारिक दिशाको दस्तावेज मानिन्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन राजनीतिक घोषणापत्रको महत्त्वपूर्ण अंग बन्नु स्वाभाविक हो तर व्यवहारमा विगतका निर्वाचनमा ल्याइएका घोषणापत्रका आधारमा त्यसमा संस्कृतिको पक्षलाई महत्त्व दिएको पाइँदैन ।

केही दलका घोषणापत्रमा धर्म र संस्कृतिको सम्बन्ध संवेदनशील विषयका रूपमा प्रस्तुत गरिएको छ । अधिकांश राजनीतिक दलका घोषणापत्रमा संस्कृति राष्ट्रिय पहिचान र सामाजिक एकताको आधारका रूपमा उल्लेख गरिएको हुन्छ । तर ती घोषणापत्रमा संस्कृति मूल एजेन्डा होइन, सहायक विषयका रूपमामात्रै समेटिएको पाइन्छ ।

सांस्कृतिक पर्यटनको विकास, कला, साहित्य, संगीत र चलचित्र उद्योगलाई प्रोत्साहन, संस्कृतिमार्फत आर्थिक गतिविधि विस्तार गर्न सकिने कुराहरू समावेश गरिएका हुन्छन् । नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत दलहरूले नेपाली संस्कृति, परम्परा, कला, भाषा र सभ्यताको संरक्षणलाई राष्ट्र निर्माणसँग जोडेर प्रस्तुत गरेका छन् । विगतका घोषणापत्रमा धर्मनिरपेक्षता स्वीकार गर्दै सबै धर्म र संस्कृतिप्रति राज्यको समान व्यवहार गरिने कुरामा जोड दिन खोजिएको छ । तर व्यवहारमा संस्कृति र धर्मलाई राजनीतिक स्वार्थअनुसार प्रयोग गरिएको देखिन्छ । वास्तवमा संस्कृति केवल विगतको सम्झना होइन, राष्ट्रको वर्तमान चेतना र भविष्यको दिशा पनि हो भन्ने बुझाइ घोषणापत्रका शब्दमामात्र होइन, व्यवहारमा पनि देखिनु आवश्यक छ । भाषा, साहित्य, संस्कृति र समृद्धि एकापसमा अन्तरसम्बन्धित छन् । भौतिक समृद्धिलेमात्रै राष्ट्रिय गौरव कायम गर्न सक्दैन, कला, साहित्य पनि समृद्धिको एउटा आधार हो भन्ने तथ्यलाई राजनीतक नेतृत्वले बुझ्न जरुरी छ ।

निर्वाचनका दौरानमा अधिकांश उम्मेदवार जनताका घरदैलोसँगै आ-आफ्ना धार्मिक विश्वास र आस्थाबाट प्रेरित भई विजयको अपेक्षा राख्दै मठमन्दिर, गुम्बा, चैत्यजस्ता धार्मिकस्थलमा गई पूजाअर्चना गर्ने, फूलमाला लगाउने, पुजारीबाट आशीर्वाद लिने गरेका सञ्चार माध्यममा देखिन्छन् । बाहिर आफूलाई नास्तिक वा भौतिकवादी देखाउन खोजे पनि अन्ततः धर्मकर्मबाट विमुख कोही हुन सक्दैन । त्यसैले धर्म मानिसको जीवनपद्धति हो । यसबाट व्यक्तिले जतिसुकै आफूलाई टाढा राख्न खोजे पनि टाढा हुन सक्दैन । जीवनपद्धतिलाई राजनीतिले असर गर्न सक्छ तर संस्कृति पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको हुन्छ । राजनीतिले संस्कृतिलाई होइन, संस्कृतिले राजनीतिलाई डोऱ्याउन सक्नुपर्छ ।

राजनीति र संस्कृति एउटै सिक्काका दुई पाटा हुँदाहुँदै पनि राजनीतिक पार्टीले अझै पनि यसको अन्तरसम्बन्धलाई राम्ररी बुझेको जस्तो लाग्दैन । प्रायः सबैजसो राजनीतिक पार्टीका घोषणापत्रमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, लोपोन्मुख संस्कृति र परम्पराको अभिलेखीकरण, राष्ट्रिय पर्व, जात्रा र सांस्कृतिक उत्सवको प्रवर्द्धन गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरिएका छन् ।

तर यी प्रतिबद्धता प्रायः औपचारिकतामै सीमित हुने गरेको देखिन्छ । संस्कृतिबारे घोषणापत्रका शब्द आकर्षक भए पनि कार्यान्वयनको अवस्था कमजोर रहेको छ । यसपटकको निर्वाचनमा राजनीतक दलहरूले ल्याउने घोषणापत्रमा सांस्कतिक पक्षलाई पक्कै पनि राष्ट्रियता, अखण्डता, बहुलता र सामाजिक सद्भावलाई अझ मजबुद बनाउँदै समृद्ध मुलुक निर्माणमा केन्द्रित हुने छ भन्ने आशा गर्न सकिन्छ ।

***(संस्कृतिविद् डा. गुरुङसँग राससका कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)***

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ ।






✍ बैकुण्ठ भण्डारी

# गुइँठेको सपना !

आजकल गुइँठेलाई भ्याइनभ्याइ छ । कहिले कता पुग्ने कहिले कता पुग्ने ! सबैको आँगनमा पुगेरै भए पनि आफ्नो स्वार्थ त पूरा गर्नु नै पर्ने छ । समय बदलियो तर गुइँठे बदलिएन । गुइँठेले केटाकेटीमा श्री स्वस्थानीको व्रतकथा पढेकैले होला । लावण्य देशमा नवराजलाई हात्तीले माला लगाइदिएरै राजा भएको हो । कसको भाग्यमा के लेख्या छ के था ?

गुइँठे त्यही भएर अहिले गाउँ-गाउँ छिरेको छ । कहिले कृष्ण बनेको छ, कहिले गिरिधर बनेर । गुइँठेको रूप अनेक भएका छन् । भाका फेरिएको छ । गुइँठेको दुवै हातमा लड्डु छ । उसले सोचिरहेको छ, यो लड्डु सधैं मेरो हातमा नै भई नै रहन्छ ।

तर त्यस्तो कहाँ हो र ? मौका हिरा फोरेन भने हिरा ढुंगामा नै परिणत पनि हुन सक्छ । गुइँठेलाई अहिले गाउँका सबैले राम्रै मानेका छन् । पिपलबोटको चौतारीमा पुग्दा होस् कि हरिहरफाँटमा पुग्दा होस् । टारतिर पुग्दा पनि उस्तै छ ।

उबेला हात्तीले माला लगाइदिएको भए पनि अहिले स्वार्थ बोकेका मानवहरूले गुइँठेलाई माला लगाइदिएका छन् । मन लागे लगाउँछ । मन नलागेका बारीको पाटामा पुग्नेगरी फालिदिन्छ । गुइँठेलाई दायाँबायाँ छरछिमेकीले घेरेकै छन् ।

हुन त गुइँठे केटाकेटीदेखि नै ग्याङ लिएर हिँड्ने । वल्लो टोल र पल्लो टोलमा कुस्ती खेल्नु परे पनि अरुलाई अघि सार्ने अनि जसजति सबै आफैं लिने । कोइलीको फूल चोर्ने कागजस्तै । अहिले पनि बानी कहाँ फेरिएको छ र ! नानीदेखि लागेको बानी ।

त्यही भएर पनि गुइँठेका बाले भन्ने गर्दथे । कहिल्यै नसुध्रने भो । कहिले कसको बाखा चोर्ने, कहिले कसको काँक्रा चोर्ने । चोर्न पनि अरुलाई लगाएर त्यसको फाइदाजति सबै आफैंले खाने । चोट पाउने अरु, भोज गर्ने गुइँठे ।

गाउँका नाइके छान्ने तयारी भएकाले ऊ गाउँ-गाउँ घुमिराको छ । गुइँठेका अघि-पछि वल्लो टोलदेखि पल्लो टोलसम्मका केटाकेटी जम्मा भएका छन् । गुइँठेको जयजयकार मनाइरहेका छन् । किनकि, सबैलाई थाहा छ, उसलाई यस्तै गणेश प्रवृत्तिका मान्छेहरू नै मनपर्छ । अरुको कुरा त सुन्नै नचाहने ।

घरकै बाउको कुरा त नसुन्ने गुइँठे अरुको कुरा सुन्ला अनि मान्ला भन्ने त सपना पनि नदेखे हुन्छ अरुले । बरु ती सबैको सपना गुइँठेले देखिसकेको छ । चोरको बाउ चण्डाल पो छ त ! उसलाई मन पर्ने भनेकै बाहिर बोक्रो भित्र खोक्रो हो ।

भित्र जेसुकै होस्, बाहिर चिटिक्कै चाहिने । नाम पो हजुरबाउले गुइँठे राखिदिएका हुन् त । त्यो पनि खासै नबोल्ने । बोल्न नजान्ने भएर । हजुरबाउले भनेका थिए अरे- 'कि त गरिखानु, कि त मरिजानु !'

त्यही भएर होला निकै इख लिएर बस्ने हो, भित्रभित्रै सिध्याउने गर्छ यो गुइँठेले । के गर्छ नै थाहा हुँदैन । त्यसै हजुरबाउले गुइँठे नाम राखेका हो र ?

केटाकेटीदेखि नै बदमासी जानेको केटो हो । संगत पनि उस्तैउस्तैसँग गर्ने । खेतमा लाको कुलै भत्काइदिने । गोठमा बाँधेको वस्तुभाउ नै फुकाइदिने ! फल दिने बेलाको रुखको हाँगा नै भाँचेर स्वाहा बनाइदिने ! फसल दिने बेलाको धानबारीमा केटाहरूलाई चंगा चेट भन्दै आफू चंगा उडाउने उनीहरूलाई खेतमा कुदाउने । यसको कुरै छाडौं ।

त्यत्तिमात्र कहाँ हो र भन्या, घराँ बाउले गाली गरे भनेर काकाको बारीमा परालको कुन्युमा डढेलो लगाइदिनेसम्मको हर्कत गर्ने । ओहो ! यसको बदमासीको त कुरै नगरौं ।

'संगत गुनाको फल' भन्छन् नि- पार्टी पौवामा बसेर शिवबुटी तान्ने, हरियो पर्दा राखेको मिठाइ पसलमा गएर बाहिर पिठो, भित्र मिठो भन्दै चामल र कोदोको जुस हान्ने । त्यस्तो गुइँठेको पछि अरु को लाग्छन् ? विचार गरे भैगो !

अहिले गाउँभर उसकै हल्ला, गुइँठेकै स्यानाब्यानाबाहेक अरुको हुँदै हुँदैन सल्ला । आफूले गरेका सबै ठीक अरुले गरेको सबै बेठिक । चौतारामा बसेका ठूला बा हुन् कि, डुडेखेतमा घाँस काटिरहेकी लाटी आफैं हुन् । उसलाई केही मतलव नै छैन । आफू खुसी भएन भने केही न केही उपद्रो गरिहाल्ने । त्यही पनि आफ्नै बुद्धिले भएता ठिकै हुन्थ्यो नि ! अर्काले बुद्धिले कति दिन हिँड्नु ?

घरबार, परिवार आफन्त, इष्टमित्र केही मतलव नै नभएको । मै हुनुपर्छ, मैले भनेको नै ठीक हुन्छ । मैले भनेको जस्तै गर्नुपर्छ । भए हुन्छ नभए हुँदैन भन्ने ढिपी कस्ने ! मेरो गोरुको बाह्रै टक्का भनेजस्तो ।

गाउँमा सबैले मन पराए पनि के-के कुरामा मन पराउने भन्ने पनि त होला नि ! बजिया, गुइँठेलाई सबै कुरामा मन पराइदिनुपर्ने अरे । त्यस्तो पनि हुन्छ ? काकाको कुन्युमा डढेलो लगाइदियो ! फूपूको गोठको गाईको दाम्लै फुकाएर भगाइदियो ! अन्तरे काइँलाको छोरालाई भिरबाटै घचेडीदियो ! यस्तो त गाउँमा कति गऱ्यो गऱ्यो । अब अहिले उसैलाई मुली बनाउनपर्ने रे ?

त्यो पनि कोसँग भन्दा थरीबाजेको भकारीमा भाको सबै धान चोर्नेसँग । अलि सुहाएन कि ? गुइँठेका सपना पनि कति-कति ? सपना देख्नु त पर्छ । तर त्यसका लागि आफूले पनि त गर्नुपऱ्यो नि सत्कर्म ! कुकर्म गरेर धर्म कमाउन सकिनँ भन्न कहाँ पाइन्छ र !

सपना त चन्द्रमा छुने नै देख्ने हो । तर त्यहाँ जान पनि त बाटो सही रोज्नुपर्ला, सबै थाहा पाउनुपर्ला । गाउँले गुइँठेको अनुहार हेरेर पो मन पराएका हुन् त, बानी व्यवहार हेऱ्यो भने त उही हो ! छिमेकीले उचालेको भरमा बुर्लक्क बुर्लक्क बाउआमालाई समेत नटेरी घरबाट हिँडयो भने के हुन्छ ? सपना सपनामा मात्रै सीमित हुन्छ । विपनामा पूरा गर्न त आनीबानी सबै सुधार्नु पो पर्छ त !

बानी सुधार्नु छैन । अरुले उक्साको भरमा दौडिएको छ । आफ्नै घराँ डढेलो लगाएको छ अनि सपनाचाहिँ मुली बन्ने देख्या छ । तेरिमा गुइँठे !

# रूपन्देही–३ मा ३६ उम्मेदवारबीच प्रतिस्पर्धा हुँदै

**देवदह (रूपन्देही)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रूपन्देही क्षेत्र नम्बर ३ बाट ३६ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ । यो क्षेत्रमा १७ जना स्वतन्त्रसहित १९ वटा राजनीतिक दलका उम्मेदवारहरू प्रतिस्पर्धामा उत्रिएका छन् ।

मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतका अनुसार रूपन्देही–३ मा उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका ३६ जना उम्मेदवारलाई मतदान प्रयोजनका लागि चुनाव चिह्न प्रदान गरिसकिएको छ । २०७९ सालको निर्वाचनमा यो क्षेत्रबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार दीपक बोहरा निर्वाचित भएका थिए । बोहराले नेपाली कांग्रेसका उम्मेदवार तथा तत्कालीन गृहमन्त्री बालकृष्ण खाणलाई पराजित गर्दै निर्वाचित भएका थिए । प्रतिनिधिसभा सदस्यमा निर्वाचित बोहराको २०८१ चैतमा निधन भएको थियो ।

वि.सं. २०७४ मा यहाँबाट नेकपा एमालेका घनश्याम भुसाल, २०७० मा राप्रपाका बोहरा र २०६४ सालमा मधेसी जनअधिकार फोरमका उम्मेदवार ओमप्रकाश यादव (गुल्जारी) निर्वाचित भएका थिए । अहिले यो क्षेत्रमा नेकपा एमालेबाट वासुदेव घिमिरे उम्मेदवार बनेका छन् । २०७९ सालमा रूपन्देही क्षेत्र नम्बर ५ बाट पूर्वअर्थराज्यमन्त्री तथा कांग्रेसका उम्मेदवार भरतकुमार शाहलाई पराजित गर्दै घिमिरे प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । घिमिरे रूपन्देहीको तिलोत्तमा नगरपालिकाका संस्थापक नगरप्रमुखसमेत हुनन् । २०७९ सालमा भने रूपन्देही–३ मा एमालेले राप्रपाका उम्मेदवार बोहरालाई समर्थन गरेको थियो ।

त्यस्तै नेपाली कांग्रेसबाट नेता सुशील गुरुङले उम्मेदवारी दिएका छन् । पार्टीको रूपन्देही क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति गुरुङ भैरहवा बहुमुखी क्याम्पसको पूर्वस्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापति पनि हुन् । विभिन्न संघसंस्थामा आबद्ध गुरुङ अघिल्ला निर्वाचनमा पार्टीका उम्मेदवारहरूलाई जिताउन खटिन्थे । यसपटक उनी आफैं उम्मेदवार बनेका छन् ।

त्यसैगरी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट फैजअहमद खाँले उम्मेदवारी दिएका छन् । २०७४ सालमा उनी तत्कालीन नेकपा माओवादी केन्द्रबाट सिद्धार्थनगर नगरपालिकामा नगरप्रमुखको उम्मेदवार बनेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वरिष्ठ न्युरोलोजिस्ट डा. लेखजंग थापालाई उम्मेदवार बनाएको छ । २०७९ सालमा भएको निर्वाचनमा रूपन्देही–३ बाट निर्वाचित दीपक बोहराको निधन भएपछि रिक्त भएको पदमा २०८२ कात्तिक १७ गते निर्वाचन आयोगले निर्वाचन गर्ने तयारी गरेको थियो । उपनिर्वाचनका लागि थापालाई नै पार्टीले उम्मेदवार बनाएको थियो । आगामी फागुन २१ गते नयाँ प्रतिनिधिसभाको निर्वाचन मिति घोषणा भएपछि उपनिर्वाचनसम्बन्धी बाँकी कार्यक्रमहरू रद्द गरिएको थियो ।

त्यस्तै राप्रपाले क्याप्टेन गौरव बोहरालाई उम्मेदवार बनाएको छ । गौरव स्वर्गीय दीपक बोहराका सुपुत्र हुन् । लामो समय बुद्ध एयरको सिनियर पाइलटका रूपमा काम गरी नागरिक उड्डयन क्षेत्रमा अनुभव सँगालेका बोहरा यसपटक प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका छन् ।

त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) नेपालबाट श्रीनिवास यादवले उम्मेदवारी दिएका छन् । यादव २०७४ सालमा रूपन्देही क्षेत्र नम्बर ४ (२) बाट प्रदेशसभा सदस्यमा उम्मेदवार बनेका थिए । जनमत पार्टीले २९ वर्षीय विशाल गुप्तालाई उम्मेदवार बनाएको छ ।

त्यस्तै नेपाल मजदुर किसान पार्टीले सुग्रिमचाई, राष्ट्रिय जनमोर्चाले बद्रे आलम मुसलमान, प्रगतिशील लोकतान्त्रिक पार्टीले गोविन्दप्रसाद काराखेती, मंगोल नेसनल अर्गनाइजेसनले कुलवीर घर्ती मगर, नेपाल कम्युनिस्ट पार्टी संयुक्तले राजु गौडेल, नेसनल रिपब्लिक नेपालले मोहन थापा र नेपाल कम्युनिस्ट पार्टी माओवादीले शंकरप्रसाद ज्ञवालीलाई उम्मेदवार बनाएको छ । *रासस*


## साउदीमा रोजगार

कम्पनी : SALSABEELA FOR WATER EST.

पूर्व स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 338680 | चलानी नं. ६०२५२१५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1000 | ३८,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ गते (17th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

## कतारमा रोजगार

कम्पनी : FOREVER CONSTRUCTION AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 325939 | चलानी नं. ६०२३९९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air-condition Technician | 0 | 2 | 1200 | ४५,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Builder | 1 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 3 | Ceramic Worker | 1 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 4 | Driver | 14 | 0 | 1500 | ५६,९६१ | | | | | | | |
| 5 | Hotel Cleaner | 0 | 2 | 1200 | ४५,५६९ | | | | | | | |
| 6 | Marketing Represnt | 0 | 1 | 2100 | ७९,७४५ | | | | | | | |
| 7 | Plaster Worker | 3 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1200 | ४५,५६९ | | | | | | | |
| 9 | Service Agents | 0 | 5 | 1200 | ४५,५६९ | | | | | | | |
| 10 | Stone Mason | 2 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 11 | Supervisor | 1 | 0 | 2500 | ९४,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ गते (17th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com


# निर्वाचन आचारसंहिता पालना गर्न आग्रह

**कञ्चनपुर (प्रस)**– आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार तीव्र बन्दै जाँदा जिल्लामा निर्वाचन आचारसंहिताविपरीत सरकारी सवारीसाधन दुरूपयोगको गुनासो आएपछि सम्बन्धित निकायले कडाइ गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ लागू भइसकेको अवस्थामा सरकारी सवारीसाधन राजनीतिक गतिविधिमा प्रयोग गरिएको गुनासो प्राप्त भएपछि अनुगमनलाई तीव्र बनाइएको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत मोहनचन्द्र जोशीले जानकारी दिए । जनप्रतिनिधि तथा कर्मचारीले प्रयोग गर्ने चारपांग्रे तथा दुईपांग्रे सरकारी सवारीसाधन कार्यालयको नियमित कामकाजबाहेक राजनीतिक कार्यक्रम, जुलुस, सभा, प्रदर्शन तथा अन्य सार्वजनिक गतिविधिमा प्रयोग नगर्न उनले आग्रह गरेका छन् ।

'सरकारी सवारीसाधनको प्रयोग पूर्णरूपमा आचारसंहिताअनुरूप हुनुपर्छ,' उनले भने, 'आचारसंहिताको पालना नगरेमा नियमअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने छ ।' आचारसंहिता उल्लंघनका गतिविधिमाथि निरन्तर निगरानी भइरहेको उनको भनाइ रहेको छ ।


## Bateshwor Rural Municipality
## Office of Rural Municipal Executive

**Bateshwor, Dhanusha**

**Madhesh pradesh, Nepal**

**Invitation for Sealed Quotation only electronic bids**

**Second Date of publication: (2082-10-27) 10-Feb-2026**

1.Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com,9854060412

2.Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanush or may visit PPMO website www.gov.np/egp

| S. N. | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT & PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/W/ 01/2082/2083 | The Construction of Jitiya Temple at ward no.3 | 45days | Rs.1948689.03 | Rs50000 | Rs.1000 | |

**Chief Administrative Officer**

**Sudurpashchim Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Bajhang**

**Invitation for Bid**

**Date of Publication: 2082/10/27 (10-Feb, 2026)**

1. Infrastructure Development Office, Bajhang invites Electronic NCB Bids for the Projects given in the table below.

| S. N. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Including VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDOBAJHANG/W/ NCB/R/82/83-17 | Construction of Talkot Lokhand Sadak, Talkot Rural Municipality-04, Bajhang | 48,73,213.91 | 1,22,000.00 | 120 days | 3,000.00 |
| 2 | IDOBAJHANG/W/ NCB/R/82/83-18 | Construction and Upgrading Of Seri Dekhi Talpurana Road, Dhalon Ma Bi To Ward Office Road, Saipal Rural Municipality-02, Bajhang | 29,15,337.29 | 75,000.00 | 120 days | 3,000.00 |
| 3 | IDOBAJHANG/W/ NCB/R/82/83-19 | Construction and Upgrading Of Bijgada-Paudi-Dahabagar Road, Bugal Municipality-01, Bajhang | 48,67,326.48 | 1,22,000.00 | 120 days | 3,000.00 |
| 4 | IDOBAJHANG/W/ NCB/R/82/83-20 | Construction and Upgrading Of Mauribagar Chaudhari Chhabish Pathibhara (Durgathali ChhabishPathibhera Road), Durgthali Rural Municipality, Bajhang | 1,36,65,702.20 | 3,45,000.00 | 120 days | 3,000.00 |

2. Eligible Bidders may obtain further information from *PPMO's website* ***www.bolpatra.gov.np/egp***.

**Office Chief**

**IDO, Bajhang**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२७**

**लिंकेज टुर्स एण्ड ट्राभल्स प्रा. लि.** को मिति २०८२/१०/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिंकेज ट्राभल एण्ड ट्रेक्स प्रा. लि. (दर्ता नं. २७०३४२)** कायम गर्ने गरी मिति २०८२/१०/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/२७ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय ईङ्गलिस बोर्डिङ्ग स्कुल दाङ्ग**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लुम्बिनी स्मार्ट स्कुल दाङ्ग (प्रा.लि.नं. ५०९०८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/२७ गते**

यस कम्पनीको मिति २०८२/१०/०९ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नमस्ते ए.टु जेड. प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नमस्ते फ्रेट प्रा.लि. (प्रा.लि.नं. २१५२५६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/२७ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **तुल्सिपुर साझा विशेषज्ञ हस्पिटल**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **तुल्सिपुर साझा हस्पिटल (प्रा.लि.नं. ३६९००९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/०३ मा दर्ता कायम भएको **खराज ग्रुप अफ कम्पनीज प्रा.लि.** (प्रा.लि.नं. २५५८८४/०७७/०७८) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/२२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नै बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**

**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७८/१०/०६ मा दर्ता भएको प्रा.लि.नं. २८१९०८ को **बाघधारा इन्भेस्टमेन्ट** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चुनावी जितलाई रूढीवादी एजेण्डामा रूपान्तरण गर्दै ताकाइची

**टोकियो–** जापानी प्रधानमन्त्री साने ताकाइचीले आफ्नो व्यक्तिगत लोकप्रियताबाट प्राप्त चुनावी लाभलाई सुरक्षा, अर्थतन्त्र, आप्रवासन र सामाजिक नीतिमा व्यापक रूढीवादी परिवर्तनमा रूपान्तरण गर्ने प्रक्रिया अघि बढाएकी छन् । संसदीय चुनावमा दुईतिहाइ बहुमत प्राप्त भएपछि उनले उक्त शक्तिलाई ठोस कानुनी र नीतिगत कदममा अनुवाद गर्ने तयारी सुरु गरेकी हुन् ।

सोमबार उनले मन्त्रिपरिषद् पुनः गठन गर्ने र ढिलाइ भएको बजेटलाई अघि बढाउने प्रक्रिया सुरु गरिन् । यसबाट आगामी हप्ता हुने मतदानमार्फत उनी प्रधानमन्त्रीका रूपमा पुनः चयन हुने अपेक्षा गरिएको छ । एनएचकेसँगको अन्तर्वार्तामा उनले आफ्नो प्रयासले जापानलाई अझ बलियो र समृद्ध बनाउने विश्वास व्यक्त गरिन् ।

मत गणनाको नतिजाअनुसार ताकाइची नेतृत्वको लिबरल डेमोक्रेटिक पार्टीले ३१६ सिट जित्दै ४६५ सदस्यीय तल्लो सदनमा सहज बहुमत हासिल गरेको छ । यो सन् १९५५ मा पार्टी स्थापना भएयताकै उच्च हो । जापान इनोभेसन पार्टीसँगको गठबन्धनसहित सत्तारूढ पक्षको कूल सिट संख्या ३५२ पुगेको छ । एलडिपी मुख्यालयमा उनले विजयी उम्मेदवारका नाममाथि रातो रिबन टाँस्दै खुसी व्यक्त गरिन् ।

यद्यपि, माथिल्लो सदनमा पूर्णबहुमत नभए पनि तल्लो सदनको बलियो समर्थनले ताकाइचीलाई अर्थतन्त्र र सैन्य क्षमताको विस्तारसम्बन्धी एजेण्डा अघि बढाउन सहज बनाएको छ । चीनसँग बढ्दो तनाव र अमेरिकासँग सम्बन्ध सुदृढ गर्ने प्रयासबीच उनले विपक्षीसँग संवाद गर्दै नीतिगत लक्ष्य अघि बढाउने बताएकी छन् । 'म लचिलो हुने छु,' उनले भनिन् ।

ताकाइची लोकप्रिय भए पनि एलडिपी हालैका वर्षहरूमा कोष र धार्मिक घोटालाबाट प्रभावित भएको थियो । यही पृष्ठभूमिमा उनले पद सम्हालेको तीन महिनामै प्रारम्भिक चुनावको आह्वान गरेकी थिइन् । अक्टोबरमा जापानकी पहिलो महिला नेताका रूपमा पदभार सम्हालेकी उनले 'काम गर्ने, काम गर्ने, काम गर्ने' नारासहित सक्रिय शैली अपनाएकी छन्, जसले युवा मतदातामा प्रभाव पारेको देखिन्छ ।

विपक्षी दलहरू विभाजित रहेकाले बलियो चुनौती दिन सकेनन् । पूर्वगठबन्धन साझेदार कोमेइटो र कन्स्टिच्युसनल डेमोक्रेटिक पार्टीको नयाँ गठबन्धनले ठूलो सिट गुमाउने अनुमान गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत ताकाइचीलाई 'ऐतिहासिक जित'का लागि बधाइ दिएका छन् ।

आगामी दिनमा ताकाइचीले ढिलाइ भएको बजेट पारित गर्दै बढ्दो लागत र सुस्त ज्याला सम्बोधन गर्ने आर्थिक उपाय लागू गर्ने छिन् । साथै, डिसेम्बरसम्म सुरक्षा र रक्षा नीति संशोधन गरी सैन्य क्षमता सुदृढ गर्ने, हतियार निर्यात प्रतिबन्ध हटाउने र रक्षा खर्च बढाउने लक्ष्य राखेकी छन् । आप्रवासन र विदेशी स्वामित्वमा कडा नीति प्रस्तावले समर्थन र आलोचना दुवै पाएको छ ।

विश्लेषकहरूका अनुसार यी कदमले जापानलाई दीर्घकालीनरूपमा रूपान्तरण गर्न सक्छ, तर नागरिक अधिकार, क्षेत्रीय कूटनीति र आन्तरिक ध्रुवीकरणका विषयमा बहस अझ तीव्र हुने देखिन्छ । *रासस/एपी*


## कुवेतमा रोजगारको अवसर
Free Visa!! Free Ticket!!

कम्पनी : RADISSON BLU HOTEL

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 332855 | चलानी नं. ६०२४६५४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 3 | 2 | 140 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 4 | 150 | ७०,५३५ | | | | | | | |
| 3 | Housekeeping Attendants | 10 | 6 | 120 | ५६,४२५ | | | | | | | |
| 4 | Steward | 8 | 0 | 100 | ४७,०२० | | | | | | | |
| 5 | Waiter/Waitress | 10 | 10 | 120 | ५६,४२५ | | | | | | | |

कम्पनी : PINNACLE GROUP CO.

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 314683 | चलानी नं. ६०२२८९३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 9 | 180 | ८४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 5 | 160 | ७५,२३५ | | | | | | | |
| 3 | Steward (Cleaner) | 6 | 10 | 140 | ६५,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ गते (17th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## युएइमा रोजगार
कम्पनी : PRIME STONE BUILDING MAINTENANCE -L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 338669 | चलानी नं. ६०२५२१६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter (Wall Painter) | 5 | 0 | 1500 | ५९,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Labor | 4 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 3 | Painter Assistant | 2 | 0 | 1200 | ४७,२१५ | | | | | | | |
| 4 | Road Maintainance Worker | 10 | 0 | 1000 | ३९,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ गते (17th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


# पोर्चुगलमा नरमपन्थी सेगुरो निर्वाचित

**लिस्बन–** पोर्चुगलको राष्ट्रपतीय निर्वाचनमा केन्द्र-वाम समाजवादी उम्मेदवार एन्टोनियो जोसे सेगुरो विजयी भएका छन् । उनले कट्टर दक्षिणपन्थी उम्मेदवार आन्द्रे भेन्टुरालाई पराजित गर्दै स्पष्ट बहुमतसहित जित हासिल गरे ।

आधिकारिक परिणामअनुसार ९९ प्रतिशत मतगणना सम्पन्न हुँदा सेगुरोले ६६.७ प्रतिशत मत प्राप्त गरी लिस्बनस्थित नदी किनारको राष्ट्रपतीय निवास 'गुलाबी दरबार' मा पाँच वर्षे कार्यकालका लागि निर्वाचित भए । भेन्टुराले ३३.३ प्रतिशत मत प्राप्त गरे ।

यो निर्वाचनलाई भेन्टुराको उग्र र उत्तेजक राजनीतिक अभियानप्रतिको जनसमर्थन कति गहिरो छ भन्ने परीक्षणका रूपमा हेरिएको थियो । उनको चेगा पार्टीले सो शैलीकै कारण पोर्चुगलको संसद्मा दोस्रो ठूलो दलको हैसियत बनाएको छ । यस मतपत्रले हालैका वर्षहरूमा युरोपभर देखिएको परिवर्तन र लोकप्रियतावादी राजनीतिप्रतिको जनआकांक्षाको मापनसमेत गरेको विश्लेषकहरूले बताएका छन् ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले सामाजिक सञ्जालमार्फत सेगुरोलाई बधाइ दिँदै पोर्चुगलको आवाज साझा युरोपेली मूल्यमान्यताका पक्षमा अझ बलियो रहेको उल्लेख गरिन् ।

दीर्घकालीन समाजवादी राजनीतिज्ञ सेगुरोले आफूलाई मध्यमार्गी उम्मेदवारका रूपमा प्रस्तुत गरे । उनले केन्द्र-दक्षिणपन्थी अल्पसंख्यक सरकारसँग सहकार्य गर्दै भेन्टुराको स्थापना विरोधी र आप्रवासीविरोधी उग्र भाष्यलाई अस्वीकार गर्ने संकेत दिए । बढ्दो लोकप्रियतावादी लहरलाई रोक्न चाहने बायाँ र दायाँ दुवै धारका मुख्यधाराका राजनीतिज्ञहरूको समर्थन पनि उनले प्राप्त गरे ।

पोर्चुगलमा राष्ट्रपति पद प्रायः औपचारिक र प्रतीकात्मक मानिन्छ । परम्परागतरूपमा राष्ट्रपतिले राजनीतिक विवादमा मध्यस्थता गर्दै तनाव कम गर्ने र दलगत द्वन्द्वभन्दा माथि उभिने भूमिका निर्वाह गर्दछन् ।

यद्यपि, राष्ट्रपतिसँग संसद्बाट पारित कानुनहरूमा भिटो लगाउने अधिकारजस्ता प्रभावशाली औजार छन्, यद्यपि त्यस्ता भिटोहरू संसद्ले उल्टयाउन सक्छ । यसबाहेक संसद् विघटन गरी समयअगावै चुनाव घोषणा गर्ने अधिकार पनि राष्ट्रपतिसँग रहने गर्दछ, जसलाई पोर्चुगलको राजनीतिक भाषामा 'परमाणु बम' भनेर चिनिन्छ ।

मे महिनामा पोर्चुगलले तीन वर्षभित्र तेस्रो आमचुनाव सम्पन्न गरेको थियो, जुन पछिल्ला दशकहरूकै सबैभन्दा गम्भीर राजनीतिक अस्थिरताको अवस्था मानिएको छ । यस्तो पृष्ठभूमिमा राजनीतिक स्थिरता कायम गर्नु नयाँ राष्ट्रपतिका लागि प्रमुख चुनौती रहने देखिएको छ ।

वाक्पटु र नाटकीय शैलीका राजनीतिज्ञका रूपमा चिनिने भेन्टुरा राजनीतिक समझदारीभन्दा बढी टकरावपूर्ण दृष्टिकोणको पक्षमा उभिए । उनले पोर्चुगलमा व्यापक 'परिवर्तन' ल्याउने लक्ष्यका साथ अभियान चलाए ।

'मैले फरक बाटो सम्भव छ भनेर देखाउने प्रयास गरेँ, हामीलाई फरक प्रकारको राष्ट्रपति चाहिएको थियो,' भेन्टुराले पत्रकारहरूलाई भने । रनअफ चरणसम्म पुग्नु नै भेन्टुरा र उनको पार्टीका लागि एउटा महत्त्वपूर्ण कोसेढुंगा मानिएको छ । उनको प्रमुख एजेण्डामध्ये एक अत्यधिक आप्रवासन रोक्नु रहेको छ, किनकि हालैका वर्षहरूमा पोर्चुगलमा विदेशी कामदारहरूको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ ।

'पोर्चुगल हाम्रो हो,' भेन्टुराले अभियानका क्रममा दोहोर्‍याए । अभियान अवधिमा उनले देशभर 'यो बंगलादेश होइन' र 'आप्रवासीहरूलाई कल्याणमा निर्भर बन्न दिनु हुँदैन' भन्ने सन्देश भएका बिलबोर्डहरू प्रयोग गरे ।

सात वर्षभन्दा कम समयअघि स्थापना गरिएको चेगा पार्टीले उल्लेखनीय जनसमर्थन बटुल्दै मे १८ मा सम्पन्न आमचुनावमा संसद्को दोस्रो ठूलो दल बन्न सफल भएको थियो । सेगुरोले आगामी महिना वर्तमान केन्द्र-दक्षिणपन्थी राष्ट्रपति मार्सेलो रेबेलो डे सौसालाई प्रतिस्थापन गर्ने छन् । डे सौसाले संविधानले तोकेको दुई कार्यकाल पूरा गरिसकेका छन् । *रासस/एपी*


## मलेसियामा रोजगार
कम्पनी : GRK SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/२६ | LT. No. 323663 | चलानी नं. ६०२३७६८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 24 | 0 | 1700 | ६२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ र ६ गते (17 & 18 Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## युएइमा रोजगार
कम्पनी : ARIF HUSSAIN BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | LT. No. 336810 | चलानी नं. ६०२५२१७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 1500 | ५९,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (Electrrician) | 4 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 3. | Plumber | 3 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 4. | Riggers | 4 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 5. | Steel Fixer | 5 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 6. | Stone Mason | 5 | 0 | 1500 | ५९,०१५ | | | | | | | |
| 7. | Welder | 4 | 0 | 1500 | ५९,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ५ गते (17th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Fix Job Overseas Pvt. Ltd.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२ माघ २७**

**श्री शेर बहादुर गुरुङ्गको** नाति, **श्री दल बहादुर गुरुङ्गको** छोरा, **गण्डकी प्रदेश, गोरखा** जिल्ला **सिरानचोक गा.पा** वडा नं. **२** बस्ने **श्री पृथीमान गुरुङ्ग भन्ने पृथ्वी मान गुरुङ्गले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०३२६१** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०६/०३** मा निज खातावाला **श्री पृथीमान गुरुङ्ग भन्ने पृथ्वी मान गुरुङ्गको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **श्रीमती** नाता पर्ने **श्रीमती लीला देवी भन्ने लीला देवी गुरुङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री पृथीमान गुरुङ्ग भन्ने पृथ्वी मान गुरुङ्गको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**ठमेल शाखा, कार्यालय**
**फोन नम्बर: ०१४५१८५८२**
**फ्याक्स:- ०१४५१८४५३**

## Thasang Rural Municipality
### Kobang, Mustang

## Invitation for Online Bids

**Date of Publication: 10th February, 2026**

Thasang Rural Municipality Office, Mustang Invites the **Online bids only** under e-procurement system from eligible bidders as mentioned below. Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** and other information may be obtained at office. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated Amount NRs. With VAT | Bid Security Amount (NRs) | Last date of bid Submission | Remarks (Category) |
|---|---|---|---|---|---|---|---|
| 1 | Paryatakiya Padmarga Nirman, Thasang Rural Municipality- 1 & 2, Mustang | TRM/NCB/W/082/83-08 | 3,000.00 | 96,99,492.95 | 2,65,000.00 | 12nd March, 2026 12:00 PM | Tender |
| 2 | Kunjo Parsyang Khanepani Aayojana, Thasang Rural Municipality- 5, Mustang | TRM/NCB/W/082/83-09 | 3,000.00 | 39,68,874.61 | 1,00,000.00 | 12dn March, 2026 12:00 PM | Tender |
| 3 | Dhampu Kaligandaki Kinar Katan Samranxan, Thasang Rural Municipality-3, Dhampu, Mustang | TRM/NCB/SQ/W/082/83-05 | 1,000.00 | 14,99,436.68 | 40,000.00 | 25th February, 2026 12:00 PM | Sealed Quatotation |
| 4 | Chhayokhet Tatha Titi GaunmaTarjali Gherau Yojana, Thasang Rural Municipality-5, Mustang | TRM/NCB/SQ/W/082/83-06 | 1,000.00 | 11,99,446.97 | 33,000.00 | 25th February, 2026 12:00 PM | Sealed Quatotation |
| 5 | Titi Taal Thap Purbadhar Nirman, Thasang Rural Municipality-5, Titi Gaun, Mustang | TRM/NCB/SQ/W/082/83-07 | 1,000.00 | 11,99,564.58 | 33,000.00 | 25th February, 2026 12:00 PM | Sealed Quatotation |

**Bid Opening Date**: 12nd March, 2026 1:00 PM For Tender
25th February, 2026 1:00 PM For Sealed Quotation

1. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank:- Prabhu Bank, Thasang Branch, Kobang, Mustang<br>Account Name:- Thasang Ga. Pa. Rajaswa Khata<br>Office Code No :- 801044102<br>Account No.:-1680110396600061 (Rajashwa Shirsak Number 14249) | Name of the Bank:- Prabhu Bank, Thasang Branch, Kobang, Mustang<br>Account Name:- Thasang Ga. Pa. (GA 1.1) Dharauti<br>Office Code No.:- 801044102<br>Account No.:- 1680110396600041 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Thasang Rural Municipality Tel: 9857650412, 9857651007, email:thasangmun@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति: २०७८/०५/२० मा दर्ता भएको प्रा.लि.नं. २७०५३१ को **सञ्जीनिती कन्सल्ट्यान्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०४६०० | प्रति तोला – ० | प्रति तोला – ५२५० |

## नेपाल-कतार आर्थिक तथा पर्यटन सहकार्यबारे छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र कतारबीच समग्र आर्थिक विकास, पर्यटन प्रवर्द्धन तथा सहयोग आदानप्रदानका विषयमा छलफल भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा र नेपालका लागि कतारका राजदूत महामहिम मिसाल बीन मोहम्मद अलि अल अन्सारी तथा नेपाल उद्योग वाणिज्य महासघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, कतार चेम्बर अफ कमर्श एन्ड इन्डस्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एम. ए. अलोबैदली तथा कतार एयरवेजका प्रतिनिधिविच भेटवार्ता भएको हो।

भेटघाटमा नेपाल-कतार आर्थिक विकास, पर्यटन प्रवर्द्धन, हवाई उडान विस्तार तथा नागरिक उड्डयन क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको थियो। विशेषगरी नेपाल र कतारबीच सिधा हवाई उडानको संख्या बढाउने, नयाँ गन्तव्य थप गर्ने तथा नेपाल वायुसेवा निगम र कतार एयरवेजबीच सहकार्यका सम्भावनाबारे छलफल केन्द्रित थियो।

छलफलका क्रममा मन्त्री सिन्हाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि अन्तर्राष्ट्रिय एयरलाइन्सको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै कतार एयरवेजको भूमिकालाई महत्वपूर्ण हुने बताए। उनले नेपालमा पर्यटन, लगानी र व्यापार विस्तारका लागि सरकारले नीतिगत सुधार र सहजीकरणमा जोड दिइरहेको पनि जानकारी दिए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले नेपाल-कतारबीच पर्यटन, लगानी, उड्डयन, होटल तथा पूर्वाधार क्षेत्रमा विस्तारको सम्भावना भएको बताए। उनले कतारी लगानीकर्ताका लागि नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा सेवा क्षेत्रमा आकर्षक सम्भावना रहेको उल्लेख गरे।

कतार चेम्बर अफ कमर्श एन्ड इन्डस्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एम.ए. अलोबैदलीले नेपालसँग दीर्घकालीन आर्थिक सहकार्यमा कतार निजी क्षेत्रको चासो रहेको उल्लेख गर्दै उड्डयन र पर्यटन सहकार्यले दुई देशबीचको व्यापार तथा जनस्तरको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरे।

उक्त भेटघाटले नेपाल-कतार सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने, पर्यटन प्रवर्द्धन तथा हवाई सम्पर्क विस्तारमार्फत आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ। कतारी प्रतिनिधि मन्डल नेपाल कतार संयुक्त व्यवसाय परिषद् (जेबिसी) को बैंठकका लागि नेपाल उद्योग वाणिज्य महासंघको निमन्त्रणामा आइतबार नेपाल आएको हो।

## कर्पोरेट

### डिप्रोक्स लघुवित्तद्वारा छात्रवृत्ति प्रदान



**काठमाडौं (प्रस)–** डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले देशभरका आफ्ना १५८ वटा शाखा कार्यालयहरूको कार्यक्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न परिवारका जेहेन्दार र मिहिनेती १/१ जना विद्यार्थीहरूलाई डिप्रोक्स छात्रवृत्ति प्रदान गरेको छ।

उक्त छात्रवृत्ति कार्यक्रममा विशेष गरी दलित तथा जनजाति समुदायका छात्राहरूलाई प्राथमिकतामा राखी शिक्षा क्षेत्रमा समान पहुँच, महिला सशक्तीकरण र समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्य लिइएको छ। विद्याथीहरूको आवश्यकता र सहजतालाई ध्यानमा राख्दै चेक वितरण प्रणाली मार्फत छात्रवृत्ति उपलब्ध गराइएको छ। शिक्षा क्षेत्रमा गरिएको यस्ता योगदानले समुदायस्तरमा सकारात्मक प्रभाव पार्नुका साथै डिप्रोक्स लघुवित्त प्रति विश्वास र सद्भाव थप बलियो बनेको छ। डिप्रोक्सले भविष्यमा पनि शिक्षा, सामाजिक सशक्तीकरण र दिगो विकासका क्षेत्रमा यस्ता कार्यक्रमहरू निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

### कजारियाको नयाँ सोरूम बेसीसहरमा

**लमजुङ (प्रस)–** प्रिमियम र नवीन टाइल उत्पादनको क्षेत्रमा प्रसिद्ध नाम कजारियाले नेपालमा आफ्नो पहुँच विस्तार गर्दै लमजुङको बेसीसहरमा नयाँ एक्सक्लुसिभ शोरूम उद्घाटन गरेको छ। न्यु आलम मार्बल एण्ड टाइल्सले संचालन गर्ने यो शोरूमले लमजुङ र वरिपरि क्षेत्रहरूमा उच्च गुणस्तरीय टाइलको बढ्दो मागलाई सम्बोधन गर्दै ग्राहकहरूलाई आधुनिक र परिष्कृत किनमेल अनुभव प्रदान गर्ने उद्देश्य राखेको छ। उक्त सोरुमको कजारियाका कन्ट्री म्यानेजर अभ्याश तिवारीले उद्घाटन गरेका थिए। जुन कजारियाको खुद्रा नेटवर्क विस्तार र नेपालभर ग्राहकहरू नजिक विश्वस्तरीय टाइल समाधान पुर्‍याउने प्रतिबद्धताका अर्को महत्वपूर्ण चरणको रूपमा रहेको छ।



उक्त अवसरमा तिवारीले भने, 'कजारिया सदैव उच्च गुणस्तरीय उत्पादन, आधुनिक डिजाइन, र भरपर्दो समाधान प्रदान गर्ने उद्देश्यमा प्रतिबद्ध छ। बेसीसहरमा नयाँ शोरूमको उद्घाटन हाम्रो पहुँच विस्तार गर्ने र लमजुङ तथा वरिपरिका क्षेत्रका ग्राहकहरूसँग हाम्रो विश्वस्तरीय टाइल संग्रह नजिक पुर्‍याउने महत्वपूर्ण कदम हो। हामी यस यात्रा जारी राख्दै न्यु आलम मार्बल एण्ड टाइल्ससँग साझेदारी गर्न पाउँदा खुशी छौं।'

नयाँ शोरूममा कजारियाका प्रिमियम टाइल संग्रहको विस्तृत र विचार पूर्वक चयन गरिएको रेंज प्रदर्शनीका लागि राखिएको छ। बेसीसहरमा अवस्थित यो शोरूम घरधनी, वास्तुकार, निर्माणकर्ता, र ठेकेदारहरूका लागि टिकाउ, स्टाइलिश र उच्च प्रदर्शन क्षमता भएका टाइल समाधानको मुख्य गन्तव्य बन्ने अपेक्षा गरिएको छ। न्यु आलम मार्बल एण्ड टाइल्ससँगको साझेदारीमार्फत, कजारियाले आफ्नो विकास यात्रा जारी राख्दै स्थानीय व्यवसायको प्रगति र ग्राहक सुविधामा योगदान पुर्‍याइरहेको छ।

## राष्ट्रिय आर्थिक गणनामा परिसंघको सहकार्य

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले गर्न लागेको 'राष्ट्रिय आर्थिक गणना-२०८२' लाई सफल र उपलब्धिमूलक बनाउने अभियानमा नेपाल उद्योग परिसंघ सरिक हुने भएको छ।

राष्ट्रिय आर्थिक गणना सञ्चालन तथा सहकार्य गर्ने सन्दर्भमा सोमबार आयोजित अन्तर्क्रियामा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अभियानलाई सफल तुल्याउन सम्पूर्ण उद्योगी व्यवसायीका तर्फबाट सक्दो सहयोग हुने बताए।

राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले आगामी वैशाख २ गतेदेखि असार ८ गतेसम्म सञ्चालन हुने आर्थिक गणनाको सन्दर्भमा तयारीका कामहरू भइरहेको बताए। उनले आगामी चैत १ गतेदेखि ७७ जिल्लामा ८४ वटा कार्यालय स्थापना गरी स्थलगत रूपमा काम सुरू हुने जानकारी दिँदै उनले उक्त गणनाका क्रममा तीन हजार ९०० गणक र ५०० सुपरीवेक्षक प्रत्यक्ष सहभागी हुने बताए।

तथ्यांक कार्यालयले मुलुकको समग्र आर्थिक परिदृष्यलाई झल्काउने आर्थिक गणनालाई सार्थक र परिणाममुखी तुल्याउन परिसंघसहित व्यावसायिक संघसंस्थाका तर्फबाट आवश्यक सहयोगको अपेक्षा गरेको छ।

तथ्यांक अधिकृत दीनानाथ लम्सालले अनौपचारिक अर्थतन्त्रअन्तर्गत नियमानुसार दर्ता नभइ सञ्चालनमा रहेका व्यवसायलाई समेत गणनाको दायरामा ल्याइ अर्थतन्त्रको वास्तविक आकार पत्ता लगाउने उद्देश्य रहेको बताए।

यसअघि २०७५ सालमा पहिलो आर्थिक गणना भएको थियो। परिसंघका कार्यकारी महानिर्देशक डा. घनश्याम पाण्डेको अध्यक्षतामा सम्पन्न अन्तर्क्रियामा उद्योगी व्यवसायीको उल्लेख्य सहभागिता रहेको थियो।

यसैबीच सरकारले राष्ट्रिय आर्थिक गणना-२०८२ को तथ्यांक संकलन गर्ने आदेश-२०८२ स्वीकृत गर्ने निर्णय सोमबार नै सार्वजनिक गरिएको छ।

## नेप्सेमा २६ अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २६ दशमलव ०५ अंकले घटेर दुई हजार ६७२ दशमलव ३९ को बिन्दुमा कायम भएको छ। सोमबार विभिन्न ३२४ कम्पनीको दुई करोड ६७ लाख ६६ हजार ३४७ कित्ता सेयर एक लाख दुई हजार २८१ पटक खरिदबिक्री हुँदा रू १० अर्ब ७७ करोड ३९ लाख १५ हजार २८९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा व्यापार समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। दुई सय १२ कम्पनीको सेयर मूल्य घट्दा ४२ को मात्रै बढेको छ। खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने मायाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य ५ दशमलव ४० प्रतिशतले घटेको छ।

## वीरगञ्ज भन्सारको राजस्व पेट्रोलियम पदार्थ र सवारी आयातमा निर्भर

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज भन्सार कार्यालयको राजस्वको हिस्सा पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको छ। कार्यालयले चालु आर्थिक वर्षको प्रथम छ महिनामा रू एक खर्ब १६ अर्ब ५८ करोड राजस्व संकलन गरेको छ। तर, यहाँको राजस्व संकलनको हिस्सा भने पेट्रोलियम पदार्थको आयातबाट मात्रै छ महिनामा रू ३७ अर्ब ८५ करोड संकलन भएको छ।

दोस्रो धेरै राजस्व संकलन यातायातका साधन र तिनका पार्टपुर्जा आयाबाट भने रू १३ अर्ब ९८ राजस्व संकलन भएको छ। कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज भन्सारको राजस्व पेट्रोलियम पदार्थको आयात र यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट प्राप्त हुनेमा निर्भर रहेको बताए।

चालु आवको छ महिनामा फलाम तथा फलामबाट बनेका सामानबाट रू छ अर्ब ८३ करोड, कपडा आयातबाट रू पाँच अर्ब २६ करोड, इलेक्ट्रिक मेसिनरी,उपकरण र तिनका पार्टपुर्जाबाट रू चार अर्ब ९१ करोड राजस्व संकलन भएको छ। त्यस्तै मदिराजन्य पेयपदार्थको आयातबाट भने रू एक अर्ब ८३ करोड राजस्व संकलन भएको छ। शृङ्गारको सामानबाट एक अर्ब ८१ करोड राजस्व उठेको छ।

स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदुरपश्चिम प्रदेश नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/१०/२७)

उपयुक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०७/०७ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार विधुतीय खरिद प्रणाली मार्फत निर्धारित समय भित्र रीतपूर्वक दर्ता हुन आएका बोलापत्रहरूको मूल्यांकनबाट तपशिल बमोजिमको बोलपत्र न्युन मूल्यांकित सारभूत रूपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिलः

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृतिको लागि छनौट भएको फर्म/कम्पनीको नाम, ठेगाना | कबोल रकम (पी.एस. र मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | AHRM/NCB/W/०४/२०८२-८३ | High Altitude Adventure Tourism Stadium Construction Project | Nagarjun-Malikarjun-Dynamite JV, Mahakali Municipality-०, Darchula | ५०६४३६३५.३ |

कार्यालय प्रमुख

Raskot Municipality
Office of Municipal Executive
RCP, Kalikot
Karnali Province, Nepal

Invitation For Bids-ReBid

Date of Publication: 2082/10/27 (10/02/2026)

Raskot Municipality, Office of the Municipal Executive, RCP, Kalikot invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Type of Bid | Estimated Amount Exclusive of VAT and contingencies. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | RM/082-83/GOODS/SQ-14 | Procurement of Supply and delivery of Non Local Construction material of RCP Bazzar Gautu Road upto municipal office Building | 45 days | SQ | 16,45,000.00 | 45000 | **1000.00** |
| 2 | RM/082-83/GOODS/SQ-15 | Procurement of Supply and delivery of Non Local Construction Material of RCP Bazar bastaula to ward no 8 upto Municipal office Building | 45 days | SQ | 4,72,110.32 | 15000.00 | **1000.00** |

For more details, visit www.bolpatra.gov.np

Chief Administrative Officer

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ